सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५(३) तथा सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको

मिति २०७९ श्रावण १ गते देखि २०८० असार मसान्तसम्म

१. कार्यालयको स्वरुप र प्रकृति

मेलम्ची नगरपालिका नेपालको संविधान बमोजिम मुलुक संघीय संरचनामा गएपछि वि.सं. २०७३ सालमा स्थापना भएको हो । यसमा १ नगर प्रमुख, १ नगर उपप्रमुख तथा १३ वटाहरुमा हरेक वडामा १ जना वडा अध्यक्ष, १ जना महिला सदस्य, १ जना दलित सदस्य सहित ५ जनाको समिति रहने व्यवस्था छ । समावेशी प्रतिनिधित्व हुने गरी ६९ जनाको कार्यपालिका सदस्य रहने व्यवस्था छ । नेपालको संविधानको भाग १७, १८, २० तथा स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम सरकारका तीनैवट अंगहरु व्यवस्थापिका, कार्यपालिका तथा न्यायपालिका समेतको परिकल्पना गरे अनुरुप यस नगरपालिकामा पनि ती सबै अंगहरुको व्यवस्था गरिएको छ । यस क्षेत्रका स्थानीय बासिन्दाहरुको अपेक्षा, आकाङ्क्षा र भावना अनुरुप गतिशिल समाजको निर्माण गरी आर्थिक समुन्नतको बाटोमा अग्रसर हुनको लागि यस पालिका लागि रहेको छ । नगरक्षेत्रभित्र नियमित प्रशासनिक, आकस्मिक तथा विकासका कार्य गरी दीगो शान्ति, विकास, सुशासन कायम गरी समृद्धीको मार्ग तर्फ उन्मुख भइरहेको छ । नेपालको संविधान अनुरुप स्थापना भएको हुनाले राज्यको निर्देशक सिद्धान्त, नीति तथा दायित्व समेतलाई आत्मसात गरी कार्य गर्दै आइरहेको छ ।

क. लक्ष्य

"व्यवसायिक कृषि, राजगारीमूलक पर्यटन, स्थानीय श्रोत साधनमा आधारित उद्योग र वातावरणमैत्री पूर्वाधारको विकास गरी समृद्ध नगर बनाउने" भन्ने पाँच बर्षे लक्ष्यमा नगरपालिका केन्द्रित हुनेछ ।

ख. दीर्घकालिन सोच

"मेलम्ची नगर समृद्धीको आधार, कृषि, पर्यटन, उद्योग र जलाधार" भन्ने २० वर्षे दीर्घकालिन सोचका साथ यस नगरपालिकाका नीति, कार्यक्रम तथा योजनाहरु लक्षीत हुने छन् ।

२. कार्यालयको काम, कर्तव्य र अधिकार

(१) स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ को उपदफा २ बमोजिम यस नगरपालिकाको एकल काम, कर्तव्य र अधिकार देहाए बमोजिम रहको छ ।

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा २ बमोजिम यस नगरपालिकाको काम, कर्तब्य र अधिकार देहाय बमोजिम रहेको छः-

- नगर प्रहरीको गठन, संचालन, ब्यवस्थापन, नियमन तथा प्रहरी सम्बन्धी नीती, कानुन र मापदण्डको निर्माण तथा कार्वान्वयन गर्ने ।
- सहकारी संस्था सम्बन्धी स्थानीय नीती, कानुन,मापदण्डको निर्माण, कार्वान्वयन, नियमन, दर्ता, अनुमति, खारेजी, विघटन, संघ प्रदेशसँग समन्वय, तथ्यांक ब्यवस्थापन र क्षमता अभिबृद्धि गर्ने ।
- एफ.एम. सञ्चालन अनुमति, नविकरण, नियमन र खारेजी गर्ने ।
- स्थानीय कर, सेवा, शुल्क तथा दस्तुर निर्धारण, संकलन ब्यवस्थापन सम्बन्धी नीति, कानुन, मापदण्ड कार्वान्वयन तथा नियमन गर्ने ।
- स्थानीय सेवाको ब्यवस्थापन सम्बन्धी नीति, मापदण्ड, सेवा शर्त योजना, कार्वान्वयन र नियमन जनशक्ति ब्यवस्थापन र बृत्तिविकास गर्ने ।
- स्थानीय तथ्यांक र अभिलेख संकलन सम्बन्धी नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन गर्ने
- स्थानीयस्तरका विकास आयोजना तथा परियोजना सम्बन्धी नीति, कानून, मापदण्ड तर्जुमा, कार्यान्वयन,अनुगमन, मूल्यांकन र नियमन गर्ने,
- आधुभूत र माध्यमिक शिक्षा सम्बन्धी नीति, कानून, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन र नियमन गर्ने,
- आधारभूत स्वास्थ्य र सरसफाइ सम्बन्धी नीति, कानून, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन र नियमन गर्ने,
- स्थानीय बजार व्यवस्थापन, वातावरण संरक्षण र जैविक विविधता सम्बन्धी नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन गर्ने,
- स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक र सिँचाइ सम्बन्धी नीति, कानून, मापदण्ड, योजना तर्जुमा कार्यान्वयन, अनुगमन र नियमन गर्ने,
- गाउँसभा, मेलमिलाप र मध्यस्थताको व्यवस्थापन सम्बन्धी नीति कानून र कार्यविधि, रणनीति, आवधिक तथा वार्षिक योजना, कार्यक्रम र बजेट स्वीकृति, सभाका समितिहरु गठन तथा सञ्चालन गर्ने,
- स्थानीय अभिलेख व्यवस्थापन सम्बन्धी नीति, कानून, मापदण्ड, योजना निर्माण, कार्यान्वयन, अनुगमन र नियमन गर्ने,
- स्थानीय जग्गाको नाप नक्सा, कित्ताकाट, हालसाविक, रजिष्ट्रेशन नामसारी, दाखिला खारेज, भूमि वर्गीकरण अनुसारको लगत, समन्वय सहजीकरण तथा जग्गाधनी दर्ता प्रमाणपुर्जा वितरण सम्बन्धी कार्य गर्ने,
- ज्येष्ठ नागरिक, अपांगता भएका व्यक्ति र अशक्तहरको व्यवस्थापन गर्ने,
- वेरोजगारको तथ्यांक संकलन तथा व्यवस्थापन सम्बन्धी कार्य गर्ने,
- कृषि प्रसारको व्यवस्थापन, सञ्चालन र नियन्त्रण गर्ने,
- खानेपानी, साना जलविद्युत् आयोजना, वैकल्पिक उर्जा सम्बन्धी नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन गर्ने,

- विपद व्यवस्थापन सम्बन्धी नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन, अनुगमन, र नियमन गर्ने,
- जलाधार, वन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षण सम्बन्धी नीति, कानून, मापदण्ड,
- योजना, कार्यान्वयन र नियमन गर्ने,
- भाषा, संस्कृति र ललितकलाको संरक्षण सम्बन्धी नीति, मापदण्ड, योजना, कार्यान्वयन र नियमन गर्ने,

(२) नगरपालिकाले सङ्घ तथा प्रदेशसँगको सहकार्यमा प्रयोग गर्ने साझा अधिकार संविधानको अनुसूची–९ मा उल्लेख भए बमोजिम हुनेछ । सो अनुरुप सर्वसामान्यतामा प्रतिकूल असर नपर्ने गरी देहायको विषयमा सङ्घ तथा प्रदेश कानूनको अधीनमा रहने गरी तोकिएका काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–

क. खेलकुद र पत्रपत्रिका

(१) स्थानीयस्तरका खेलकुदको संरचनाको पूर्वाधार निर्माण, सञ्चालन तथा विकास,

(२) स्थानीयस्तरका खेलकुद प्रशासन तथा सङ्घ संस्थाको नियमन र समन्वय,

(३) खेलकुदको विकास र प्रवद्र्धन,

(४) खेलकुद प्रतियोगिता आयोजना र सहभागिता,

(५) खेलकुद सम्बन्धी पूर्वाधारको विकास,

(६) स्थानीय तहका पत्रपत्रिकाको दर्ता, अभिलेख तथा नियमन ।

ख. स्वास्थ्य

(१) सङ्घीय तथा प्रदेशस्तरीय लक्ष्य र मापदण्ड बमोजिम स्थानीयस्तरको स्वास्थ्य सम्बन्धी लक्ष्य र गुणस्तर निर्धारण,

(२) जनरल अस्पताल, नर्सिङ होम, निदान केन्द्र तथा अन्य स्वास्थ्य संस्थाहरूको क्लिनिक दर्ता, सञ्चालन अनुमति र नियमन,

(३) स्थानीयस्तरमा औषधिजन्य वनस्पति, जडीबुटी र अन्य औषधिजन्य वस्तुको उत्पादन, प्रशोधन र वितरण,

(४) स्वास्थ्य बीमा लगायतका सामाजिक सुरक्षा कार्यक्रमको व्यवस्थापन,

(५) स्थानीयस्तरमा औषधि तथा अन्य मेडिकल उत्पादनहरूको न्यूनतम मूल्य निर्धारण र नियमन,

(६) स्थानीयस्तरमा औषधिको उचित प्रयोग र सूक्ष्मजीव निरोधक प्रतिरोध न्यूनीकरण,

(७) स्थानीयस्तरमा औषधि र स्वास्थ्य उपकरणको खरिद, भण्डारण र वितरण,

(८) स्थानीयस्तरमा स्वास्थ्य सूचना प्रणालीको व्यवस्थापन,

(९) स्थानीयस्तरमा जनस्वास्थ्य निगरानी (पब्लिक हेल्थ सर्भेलेन्स),

(१०) स्थानीयस्तरको प्रवद्र्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक, पुनस्र्थापनात्मक र प्यालिएटिभ स्वास्थ्य सेवाको सञ्चालन,

(११) स्वस्थ जीवनशैली, पोषण, शारीरिक ब्यायाम, योग अभ्यास, स्वास्थ्य वृत्तको पालना, पञ्चकर्म लगायतका जनस्वास्थ्य सेवाको प्रवद्र्धन,

(१२) जुनोटिक र कीटजन्य रोगको नियन्त्रण तथा व्यवस्थापन,

(१३) सुर्ती, मदिरा र लागू पदार्थजन्य वस्तुको प्रयोग नियन्त्रण तथा सचेतना अभिवृद्धि,

(१४) आयुर्वेदिक, युनानी, आम्ची, होमियोप्याथिक, प्राकृतिक चिकित्सा लगायतका परम्परागत स्वास्थ्य उपचार सेवाको व्यवस्थापन,

(१५) जनस्वास्थ्य, आपतकालीन स्वास्थ्य तथा महामारीको नियन्त्रण योजना र कार्यान्वयन,

(१६) रोगको नियन्त्रण तथा रोकथाम,

(१७) आकस्मिक स्वास्थ्य सेवा प्रवाह तथा स्थानीय सेवाको व्यवस्थापन ।

ग. विद्युत, खानेपानी तथा सिँचाइ जस्ता सेवाहरू

(१) विद्युत वितरण प्रणाली र सेवाको व्यवस्थापन,

(२) खानेपानी महसुल निर्धारण र खानेपानी सेवाको व्यवस्थापन,

(३) स्थानीय साना सतह तथा भूमिगत सिँचाइ प्रणालीको सञ्चालन तथा मर्मत सम्भार, सेवा शुल्क निर्धारण र सकंलन सम्बन्धी व्यवस्थापन ।

घ. सेवा शुल्क, दस्तुर, दण्ड जरिबाना तथा प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी, पर्यटन शुल्क

(१) स्थानीय सेवा शुल्क, दस्तुर, दण्ड जरिबाना सम्बन्धी नीति, कानून, मापदण्ड योजना तर्जुमा, कार्यान्वयन र नियमन,

(२) प्राकृतिक स्रोत साधन र सेवा शुल्क, रोयल्टी सङ्कलन, समन्वय र नियमन,

(३) खनिज पदार्थको उत्खनन् र सो सम्बन्धी रोयल्टी सकंलन,

(४) सामुदायिक वनको सञ्चालन र व्यवस्थापनबाट प्राप्त रोयल्टी सकंलन,

(५) पानीघट्ट, कुलो, पैनी जस्ता सेवा सञ्चालनबाट प्राप्त रोयल्टी सकंलन ।

ङ. वन, जगंल, वन्यजन्तु, चराचुरुगीं, जल उपयोग, वातावरण, पर्यावरण तथा जैविक विविधता

(१) वन, ज·ल, वन्यजन्तु, चराचुरुगीं, जल उपयोग, वातावरण, पर्यावरण तथा जैविक विविधता सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन, अनुगमन र नियमन,

(२) स्थानीयस्तरमा सामुदायिक, ग्रामीण तथा शहरी, धार्मिक, कवुलियती र साझेदारी वनको

संरक्षण, सम्वद्र्धन, उपयोग, अनुगमन र नियमन तथा वन उपभोक्ता समूहको व्यवस्थापन,

(३) मध्यवर्ती क्षेत्रको सामुदायिक, धार्मिक र कबुलियती वनको व्यवस्थापन,

(४) स्थानीयस्तरमा नदी किनार, नदी उकास, नहर किनार तथा सडक किनारमा वृक्षारोपण व्यवस्थापन,

(५) स्थानीयस्तरमा निजी वनको प्रवद्र्धन, अनुगमन र नियमन,

(६) स्थानीयस्तरमा सार्वजनिक खाली जग्गा, पाखा वा क्षेत्रमा वृक्षारोपण, सम्भार, उपयोग र व्यवस्थापन,

(७) स्थानीयस्तरमा जडीबुटी तथा अन्य गैरकाष्ठ वन पैदावार सम्बन्धी सर्वेक्षण, उत्पादन, सकंलन, प्रवद्र्धन, प्रशोधन र बजार व्यवस्थापन,

(८) वनबीउ बगैचा स्थापना, व्यवस्थापन र प्रवद्र्धन,

(९) नर्सरी स्थापना, बिरुवा उत्पादन, वितरण, रोपण र प्रवद्र्धन,

(१०) वन्यजन्तु र चराचुरुगींको संरक्षण, व्यावसायिक पालन, उपयोग र अनुगमन,

(११) मानव तथा वन्यजन्तु बीचको द्वन्द्व व्यवस्थापन,

(१२) स्थानीय प्राणी उद्यान (चिडियाखाना) को स्थापना र सञ्चालन,

(१३) स्थानीय वन्यजन्तु पर्यटन र आयआर्जन,

(१४) स्थानीयस्तरमा आखेटोपहारको व्यवस्थापन,

(१५) स्थानीयस्तरमा वन, वन्यजन्तु तथा चराचुरुगींको अभिलेखाकंन र अध्ययन अनुसन्धान,

(१६) विश्वसम्पदा सूचीमा परेका स्मारक र पुरातात्विक महत्वका वन, सीमसार क्षेत्र, तटवर्ती क्षेत्रका जग्गा सम्बन्धी लगत,

(१७) मिचाहा प्रजातिको नियन्त्रण,

(१८) स्थानीयस्तरको जोखिम न्यूनीकरण,

(१९) जैविक विविधताको अभिलेखाकंन,

(२०) स्थानीयस्तरमा हरियाली प्रवद्र्धन,

(२१) स्थानीय साना जल उपयोग सम्बन्धी क्षेत्रगत अयोजना तर्जुमा, कार्यान्वयन, अनुगमन र अनुगमन,

(२२) रैथाने प्रजातिको संरक्षण र प्रवद्र्धन,

(२३) स्थानीयस्तरमा वातावरणीय जोखिम न्यूनीकरण,

(२४) स्थानीयस्तरमा प्रदूषण नियन्त्रण र हानिकारक पदार्थहरूको नियमन तथा व्यवस्थापन,

(२५) स्थानीयस्तरमा न्यून कार्वनमुखी तथा वातावरणमैत्री विकास अवलम्बन,

(२६) स्थानीयस्तरमा वातावरण संरक्षण क्षेत्र निर्धारण र व्यवस्थापन ।

च. सामाजिक सुरक्षा र गरिबी निवारण

(१) सामाजिक सुरक्षा तथा गरिबी निवारण सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, नियमन र अध्ययन अनुसन्धान,

(२) लक्षित समूह सम्बन्धी स्थानीय योजना, कार्यक्रम, स्रोत परिचालन र व्यवस्थापन,

(३) सामाजिक सुरक्षाको कार्यान्वयनको लागि सङ्घ, प्रदेश र स्थानीय सङ्घ संस्थासँग सम्पर्क, समन्वय र सहकार्य,

(४) सामाजिक सुरक्षा सम्बन्धी स्थानीय तथ्याकं र सूचना व्यवस्थापन,

(५) गरिब घरपरिवार पहिचान सम्बन्धी स्थानीय सर्वेक्षण, सूचना व्यवस्थापन र नियमन,

(६) स्थानीय सामाजिक सुरक्षा योजना र व्यवस्थापन ।

छ. व्यक्तिगत घटना, जन्म, मृत्यु, विवाह र तथ्याकं

(१) व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, बसाइसराइ, सम्बन्ध विच्छेद र धर्मपुत्र र धर्मपुत्री) को दर्ता,

(२) व्यक्तिगत घटनाको स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन,

(३) व्यक्तिगत घटनाको अभिलेख व्यवस्थापन र प्रतिवेदन ।

ज. स्थानीयस्तरमा पुरातत्व, प्राचीन स्मारक र संग्रहालय संरक्षण, सम्वद्र्धन र पुनः निर्माण ।

झ. सुकुम्बासी व्यवस्थापन

(१) सुकुम्बासीको पहिचान र अभिलेख व्यवस्थापन,

(२) सुकुम्बासी सम्बन्धी जीविकोपार्जन र बसोबास व्यवस्थापन ।

ञ. प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी

(१) प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टी सम्बन्धी नीति, कानून, मापदण्ड तथा नियमन,

(२) प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टीको सकंलन तथा बाँडफाँट ।

ट. सवारी साधन अनुमति

(१) यातायात व्यवस्थापन सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन,

(२) स्थानीय सार्वजनिक यातायातको रुट निर्धारण, अनुमति, नवीकरण, खारेजी, सेवाको गुणस्तर, भाडा दर निर्धारण र नियमन,

(३) वातावरणमैत्री, जलवायु परिवर्तन अनुकूलन, विपद् जोखिम संवेद्य, अपागंता र लैंगिकमैत्री यातायात प्रणालीको स्थानीय तहमा प्रवद्र्धन ।

(३) माथि उल्लिखित अधिकारका अतिरिक्त नगरपालिकाको थप काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–

क. भूमि व्यवस्थापन

(१) सङ्घीय तथा प्रदेश कानूनको अधीनमा रही स्थानीयस्तरको भू–उपयोग नीति, योजना, कार्यक्रम तर्जुमा र कार्यान्वयन,

(२) सङ्घीय तथा प्रदेशको मापदण्डको अधीनमा रही व्यवस्थित बस्ती विकासका कार्यक्रमको तर्जुमा र कार्यान्वयन, एकीकृत वस्ती विकासका लागि जग्गाको एकीकरण तथा जग्गा विकास र व्यवस्थापन,

(३) स्थानीयस्तरमा अव्यवस्थित बसोबास व्यवस्थापन ।

ख. सञ्चार सेवा

(१) सङ्घीय तथा प्रदेश कानूनको अधीनमा रही स्थानीय क्षेत्रभित्र इन्टरनेट सेवा, टेलिसेन्टर, केबुल तथा तारविहीन टेलिभिजन प्रसारणको अनुमति, नवीकरण र नियमन,

(२) स्थानीय क्षेत्रमा सूचना प्रविधिको विकास र प्रवद्र्धन गर्ने ।

ग. यातायात सेवा

(१) स्थानीय बस, ट्रली बस, ट्राम जस्ता मध्यम क्षमताका मास ट्राञ्जिट प्रणालीको नीति, मापदण्ड, योजना, कार्यान्वयन, अनुगमन र नियमन,

(२) राष्ट्रिय रेल पूर्वाधारको उपयोग तथा महानगरीय क्षेत्रभित्र शहरी रेल सेवाको सञ्चालन, व्यवस्थापन, मर्मत सम्भार, समन्वय, साझेदारी र सहकार्य।

(६) सङ्घ वा प्रदेशले संविधान तथा प्रचलित कानून बमोजिम आफ्नो अधिकारक्षेत्रभित्रको कुनै विषय नगरपालिकालाई कानून बनाई निक्षेपण गर्न सक्नेछ ।

(७) नगरपालिकाले काम, कर्तव्य र अधिकारको प्रयोग गर्दा आवश्यकता अनुसार कानून, नीति, योजना, मापदण्ड तथा कार्यविधि बनाई लागू गर्न सक्नेछ ।

(८) स्थानीय तहले प्रदेश सरकारको परामर्शमा नेपाल सरकारको पूर्व स्वीकृति लिई विदेशका कुनै स्थानीय सरकारसँग भगिनी सम्बन्ध कायम गर्न सक्नेछ ।

घ. संघ, संस्था दर्ता तथा नवीकरण

(१) संघ, संस्था परिचालन सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन,

(२) स्थानीय स्तरका संघ, संस्थाको दर्ता तथा नवीकरण।

(३) वडा समितिको काम, कर्तव्य र अधिकारः स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा १२ बमोजिम वडा समितिको काम, कर्तव्य र अधिकार तोक्दा कम्तीमा देहाय बमोजिम तोकिएको छ :–

क. वडाभित्रका योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमन

(१) सहभगितामूलक योजना तर्जुमा प्रणाली अनुसार बस्ती वा टोलस्तरबाट योजना तर्जुमा प्रक्रिया अवलम्बन गरी बस्ती तथा टोलस्तरीय योजनाको माग सङ्कलन, प्राथमिकीकरण तथा छनौट गर्ने,

(२) टोल विकास संस्थाको गठन र परिचालन तथा वडाभित्र सञ्चालन हुने योजनाहरूका लागि उपभोक्ता समितिको गठन तथा सोको अनुगमन गर्ने,

(३) वडाभित्रका योजना तथा भौतिक पूर्वाधारको संरक्षण, मर्मत सम्भार, रेखदेख तथा व्यवस्थापन गर्ने,

ख. तथ्याकं अद्यावधिक तथा संरक्षण

(१) निजी घर तथा घर परिवारको लगत राख्ने,

(२) ऐतिहासिक, पुरातात्विक, सांस्कृतिक तथा धार्मिक महत्वका सम्पदा, प्राचीन स्मारक, सार्वजनिक तथा सामुदायिक भवन, सार्वजनिक, ऐलानी, पर्ती जग्गाको लगत राख्ने तथा संरक्षण गर्ने,

(३) खुला क्षेत्र, चोक, घाट, पाटी, पौवा, सत्तल, धर्मशाला, धार्मिक तथा सांस्कृतिकस्थल, डाँडापाखा, चरनक्षेत्र, पानीको मूल, पोखरी, तलाउ, इनार, कुवा, धारा, ढुंगेधारा, गुठीघर, बाटो, सडक, पुल पुलेसा, कुलो नहर, पानी घट्ट, मिलको तथ्याकं सकंलन गरी अद्यावधिक लगत राख्ने, संरक्षण गर्ने र खण्डीकृत तथ्याकं र सूचना सहितको वडाको पाश्र्वचित्र तयार तथा अद्यावधिक गर्ने,

ग. विकास कार्य

(१) बाल उद्यानको व्यवस्था गर्ने,

(२) अनौपचारिक शिक्षा कार्यक्रम, शिशु स्याहार तथा प्रारम्भिक बाल विकास केन्द्र सञ्चालन र व्यवस्थापन गर्ने,

(३) पुस्तकालय, वाचनालय, सामुदायिक सिकाइ केन्द्र, बालक्लव तथा बालसङ्गालको सञ्चालन र व्यवस्थापन गर्ने,

(४) वडा तहको स्वास्थ्य संस्था तथा सेवाको व्यवस्थापन गर्ने,

(५) खोप सेवा कार्यक्रमको सञ्चालन, व्यवस्थापन तथा समन्वय गर्ने,

(६) पोषण कार्यक्रमको सञ्चालन तथा समन्वय गर्ने,

(७) वडा तहमा स्वास्थ्य जनचेतना विकास तथा स्वास्थ्य सूचना कार्यक्रमको सञ्चालन गर्ने,

(८) शहरी तथा ग्रामीण स्वास्थ्य क्लिनिकको सञ्चालन गर्ने, गराउने,

(९) सार्वजनिक शौचालय, स्नान गृह तथा प्रतिक्षालयको निर्माण र व्यवस्थापन गर्ने, गराउने,

(१०) वडास्तरीय सामुदायिक धाराको प्रबन्ध, कुवा, इनार तथा पोखरीको निर्माण, संरक्षण र गुणस्तर नियमन गर्ने,

(११) घरबाट निकास हुने फोहरमैलाको सकंलन र व्यवस्थापन, चोक तथा गल्लीहरूको सरसफाई, ढल निकास, मरेका जनावरको व्यवस्थापन, सतही पानीको निकास तथा पानीको स्रोत संरक्षण गर्ने, गराउने,

(१२) कृषि तथा फलफूल नर्सरीको स्थापना, समन्वय र प्रवद्र्धन तथा वडास्तरीय अगुवा कृषक तालिमको अभिमुखीकरण गर्ने,

(१३) कृषि बीउ विजन, मल तथा औषधिको माग सकंलन गर्ने,

(१४) कृषिमा लाग्ने रोगहरूको विवरण सकंलन गर्ने,

(१५) पशुपक्षी विकास तथा छाडा चौपायाको व्यवस्थापन,

(१६) वडाभित्रको चरनक्षेत्र संरक्षण तथा व्यवस्थापन गर्ने,

(१७) स्थानीय समुदायका चाडपर्व, भाषा संस्कृतिको विकासको लागि कला, नाटक, जनचेतनामूलक तथा सांस्कृतिक कार्यक्रम गर्ने गराउने,

(१८) स्थानीय मौलिकता झल्किने सांस्कृतिक रीतिरिवाजलाई संरक्षण तथा प्रवद्र्धन गर्ने,

(१९) वडाभित्र खेलकुद पूर्वाधारको विकास गर्ने,

(२०) अन्तरविद्यालय तथा क्लव मार्फत खेलकुद कार्यक्रमको सञ्चालन गर्ने गराउने,

(२१) वडा क्षेत्रभित्रको बाटोघाटो चालु अवस्थामा राख्ने तथा राख्न सहयोग गर्ने,

(२२) वडाभित्रका सडक अधिकारक्षेत्रमा अवरोध र अतिक्रमण गर्न नदिने,

(२३) बाटोघाटोमा बाढी, पहिरो, हुरी तथा प्राकृतिक प्रकोपबाट उत्पन्न अवरोध पञ्छाउने,

(२४) घरेलु उद्योगको लगत सकंलन तथा सम्भाव्यता पहिचान गर्ने,

(२५) वडाभित्र घरेलु उद्योगको प्रवद्र्धन गर्ने,

(२६) प्रचलित कानून बमोजिम व्यक्तिगत घटना दर्ता, अद्यावधिक तथा सोको अभिलेख सकंलन तथा संरक्षण गर्ने,

(२७) व्यक्तिगत घटना दर्ता सम्बन्धी जनचेतना कार्यक्रम सञ्चालन गर्ने,

(२८) सामाजिक सुरक्षा भत्ता वितरण तथा अभिलेख अद्यावधिक गर्ने,

(२९) वडालाई बालमैत्री बनाउने,

(३०) वडाभित्र आर्थिक तथा सामाजिक रूपमा पछि परेका महिला, बालबालिका, दलित, अपागंता भएका व्यक्ति, जेष्ठ नागरिक, अल्पसङ्ख्यक, सीमान्तकृत समुदायको अभिलेख राखी सामाजिक र

आर्थिक उत्थान सम्बन्धी काम गर्ने,

(३१) विभिन्न समुदायबिच सामाजिक सदभाव र सौहार्दता कायम गर्ने,

(३२) बालविवाह, बहुविवाह, लैंगिक हिंसा, छुवाछुत, दहेज तथा दाइजो, हलिया प्रथा, छाउपडी, कमलरी प्रथा, बालश्रम, मानव बेचविखन जस्ता सामाजिक कुरीति र अन्धविश्वासको अन्त्य गर्ने, गराउने,

(३३) प्रचलित कानूनको अधीनमा रही मालपोत तथा भूमि कर, व्यवसाय कर, वहाल कर, विज्ञापन कर, सःशुल्क पार्किङ, नयाँ व्यवसाय दर्ता, सिफारिस दस्तुर, सवारी साधन कर, मनोरञ्जन करको लेखाजोखा र सकंलन गरी सम्बन्धित गाउँपालिका वा नगरपालिकामा प्रतिवेदन सहित रकम बुझाउने,

(३४) अशक्त बिरामी भएको बेवारिस वा असहाय व्यक्तिलाई नजिकको अस्पताल वा स्वास्थ्य केन्द्रमा पुऱ्याई औषधोपचार गराउने,

(३५) असहाय वा बेवारिस व्यक्तिको मृत्यु भएमा निजको दाह संस्कारको व्यवस्था मिलाउने,

(३६) सडक बालबालिकाको उद्धार र पुनस्थापनाको लागि लगत सकंलन गर्ने,

(३७) वडाभित्रको सामुदायिक वन, वनजन्य सम्पदा र जैविक विविधताको संरक्षण र प्रवद्र्धन गर्ने,

(३८) वडा, टोल, बस्तीस्तरमा हरियाली क्षेत्र बिस्तार गर्ने, गराउने,

(३९) वडालाई वातावरणमैत्री बनाउने,

(४०) प्रागांरिक कृषि, सुरक्षित मातृत्व, विद्यार्थी भर्ना, पूर्ण खोप, खुला दिशामुक्त सरसफाई, वातावरणमैत्री तथा बालमैत्री शासनजस्ता प्रवद्र्धनात्मक कार्यहरू गर्ने, गराउने,

(४१) वडाभित्र घरबास पर्यटन (होम स्टे) कार्यक्रम प्रवद्र्धन गर्ने ।

घ. नियमन कार्य

(१) वडाभित्र सञ्चालित विकास योजना, आयोजना तथा संलग्न उपभोक्ता समितिहरूका कार्यको अनुगमन तथा नियमन गर्ने,

(२) सिकर्मी, डकर्मीलाई भूकम्प प्रतिरोधी भवन निर्माण सम्बन्धी तालिम दिने,

(३) खाद्यान्न, माछा, मासु, तरकारी, फलफूल, पेय पदार्थ तथा उपभोग्य सामग्रीको गुणस्तर र मूल्यसूची अनुगमन गरी उपभोक्ता हित संरक्षण गर्ने,

(४) वडाभित्रका उद्योग धन्दा र व्यवसायको प्रवद्र्धन गरी लगत राख्ने,

(५) हाट बजारको व्यवस्थापन गर्ने, गराउने,

(६) विद्युत चुहावट तथा चोरी नियन्त्रणमा सहयोग गर्ने ।

ङ. सिफारिस तथा प्रमाणित गर्ने

(१) नाता प्रमाणित गर्ने,

(२) नागरिकता तथा नागरिकताको प्रतिलिपि लिनका लागि सिफारिस गर्ने,

(३) बहाल करको लेखाजोखा सिफारिस गर्ने,

(४) बन्द घर तथा कोठा खोल्न रोहबरमा बस्ने,

(५) मोही लगत कट्टाको सिफारिस गर्ने,

(६) घर जग्गा करको लेखाजोखा सिफारिस गर्ने,

(७) जन्म मिति प्रमाणित गर्ने,

(८) व्यापार व्यवसाय बन्द भएको, सञ्चालन नभएको वा व्यापार व्यवसाय हुदै नभएको सिफारिस गर्ने,

(९) विवाह प्रमाणित तथा अविवाहित प्रमाणित गर्ने,

(१०) निःशुल्क वा सशुल्क स्वास्थ्य उपचारको सिफारिस गर्ने,

(११) वडाबाट जारी हुने सिफारिस तथा अन्य कागजलाई अंग्रेजि भाषामा समेत सिफारिस तथा प्रमाणित गर्ने,

(१२) घर पाताल प्रमाणित गर्ने,

(१३) व्यक्तिगत विवरण प्रमाणित गर्ने,

(१४) जग्गा धनी दर्ता प्रमाणपुर्जामा घर कायम गर्न सिफारिस गर्ने,

(१५) कुनै व्यक्तिको नाम, थर, जन्म मिति तथा वतन फरक–फरक भएको भए सो व्यक्ति एकै हो भन्ने सिफारिस गर्ने,

(१६) नाम, थर, जन्म मिति संशोधनको सिफारिस गर्ने,

(१७) जग्गा धनी दर्ता प्रमाणपुर्जा हराएको सिफारिस गर्ने,

(१८) कित्ताकाट गर्न सिफारिस गर्ने,

(१९) संरक्षक प्रमाणित गर्ने तथा संस्थागत र व्यक्तिगत संरक्षक सिफारिस गर्ने,

(२०) जीवितसँगको नाता प्रमाणित गर्ने,

(२१) मृतकसँगको नाता प्रमाणित तथा सर्जमिन सिफारिस गर्ने,

(२२) जीवित रहेको सिफारिस गर्ने,

(२३) हकवाला वा हकदार प्रमाणित गर्ने,

(२४) नामसारी गर्न सिफारिस गर्ने,

(२५) जग्गाको हक सम्बन्धमा सिफारिस गर्ने,

(२६) उद्योग ठाउँसारी गर्न सिफारिस गर्ने,

(२७) आधारभूत विद्यालय खोल्न सिफारिस गर्ने,

(२८) जग्गा मूल्याकंन सिफारिस गर्ने,

(२९) विद्यालयको कक्षा थप गर्न सिफारिस गर्ने,

(३०) अशक्त, असहाय तथा अनाथको पालन पोषणको लागि सिफारिस गर्ने,

(३१) वैवाहिक अंगीकृत नागरिकता सिफारिस गर्ने,

(३२) आर्थिक अवस्था कमजोर वा सम्पन्न रहेको सम्बन्धी सिफारिस गर्ने,

(३३) विद्यालय ठाउँसारी गर्न सिफारिस गर्ने,

(३४) धारा तथा विद्युत जडानको लागि सिफारिस गर्ने,

(३५) प्रचलित कानून अनुसार प्रत्यायोजित अधिकार बमोजिमको अन्य सिफारिस वा प्रमाणित गर्ने ।

१३. न्यूनतम दररेट निर्धारण गर्नेः नगरपालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण कार्य तथा अन्य सेवाको प्रयोजनको लागि निर्माण सामग्री, ज्याला, भाडा तथा महसुलको स्थानीय न्यूनतम दररेट तोक्ने छ । श्रमिकको ज्यालादर निर्धारण गर्दा नेपाल सरकारले निर्धारण गरेको राष्ट्रिय न्यूनतम पारिश्रमिकभन्दा कम नहुने गरी तोक्ने छ र उक्त कार्य प्रत्येक आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै तोकी सक्नु पर्नेछ ।

१४. समिति, उपसमिति वा कार्यदल गठन गर्न सक्नेः कार्यपालिकाले आफ्नो काम कारबाही व्यवस्थित गर्न आवश्यकता अनुसार कुनै सदस्यको संयोजकत्वमा समिति वा उपसमिति गठन गर्न सक्नेछ ।

(२) गाउँपालिका तथा नगरपालिकाले विषय विज्ञता आवश्यक पर्ने क्षेत्रमा कुनै सदस्य वा विषय विज्ञको संयोजकत्वमा कार्यदल गठन गर्न सक्नेछ । समिति, उपसमिति वा कार्यदलको कार्यक्षेत्र, कार्यावधि र अन्य विषय त्यस्तो समिति, उपसमिति वा कार्यदल गठन गर्दाको बखत तोके बमोजिम हुनेछ ।

१५. परिचालन र समन्वय गर्नेः नगरपालिकाले स्थानीयस्तरमा विकास निर्माण तथा सेवा प्रवाह सम्बन्धी कार्य गर्दा आफ्नो क्षेत्रभित्रका उपभोक्ता, निजी क्षेत्र, सामुदायिक सङ्घ संस्था, सहकारी संस्था तथा गैरसरकारी क्षेत्रको परिचालन र समन्वय प्रवद्र्धनलाई प्रोत्साहन गर्न सक्नेछ ।

१६. कार्यविभाजन र कार्यसम्पादनः कार्यपालिकाको कार्यविभाजन र कार्यसम्पादन सम्बन्धी व्यवस्था सम्बन्धित कार्यपालिकाले स्वीकृत गरेको नियमावली बमोजिम हुनेछ । कार्यविभाजन नियमावलीमा अध्यक्ष तथा प्रमुख, उपाध्यक्ष तथा उपप्रमुख, वडा अध्यक्ष र सदस्यको काम, कर्तव्य

र अधिकार समेत उल्लेख भएको हुनु पर्नेछ । कार्यविभाजन तथा कार्य सम्पादन नियमावली स्वीकृत वा संशोधन भएको मितिले पन्ध्र दिनभित्र प्रदेश र नेपाल सरकारमा पठाउनु पर्नेछ । नियमावलीबाट पदाधिकारीको कार्यविभाजन वा काम, कर्तव्य र अधिकार नतोकिएसम्मको लागि निजको काम, कर्तव्य अधिकार देहाय बमोजिम हुनेछः–

क. अध्यक्ष वा प्रमुखको काम, कर्तव्य र अधिकारः अध्यक्ष वा प्रमुखको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–

(१) सभा तथा कार्यपालिकाको बैठक बोलाउने र बैठकको अध्यक्षता गर्ने,

(२) सभा र कार्यपालिकाको बैठकमा बैठकको कार्यसूची तथा प्रस्ताव पेश गर्ने, गराउने,

(३) वार्षिक कार्यक्रम तथा बजेट तयार गरी सभामा पेश गराउने,

(४) सभाको अधिवेशन आ≈वान र अन्त्य गर्ने,

(५) सभा र कार्यपालिकाको निर्णय कार्यान्वयन गर्ने गराउने,

(६) कार्यपालिकाको दैनिक कार्यको सामान्य रेखदेख, निर्देशन र नियन्त्रण गर्ने,

(७) उपाध्यक्ष वा उपप्रमुख, कार्यपालिकाका सदस्य तथा प्रमुख प्रशासकीय अधिकृतलाई काजमा खटाउने,

(८) वडा समितिबाट सम्पादन हुने सिफारिस तथा प्रमाणित हुने विषय बाहेक प्रचलित नेपाल कानून बमोजिम स्थानीय तहबाट गर्नु पर्ने प्रमाणित वा सिफारिस गर्ने,

(९) नगरपालिकाको चल अचल सम्पत्ति हेरचाह तथा मर्मत सम्भार गर्ने गराउने र आम्दानी, खर्च, हिसाब र अन्य कागजपत्र सुरक्षित राख्ने, राख्न लगाउने,

(१०) नगरपालिकाका समिति, उपसमिति तथा वडा समितिको कामको रेखदेख गर्ने,

(११) सार्वजनिक सेवा प्रवाह सम्बन्धी गुनासो व्यवस्थापन गर्ने, गराउने,

(१२) सात दिनभन्दा बढी समय नगरपालिकामा अनुपस्थित हुने भएमा उपाध्यक्ष वा उपप्रमुखलाई कार्यभार दिने र उपाध्यक्ष वा उपप्रमुख पनि अनुपस्थित भएमा कुनै सदस्यलाई कार्यभार दिने,

(१३) सभा वा कार्यपालिकाले तोकेका अन्य काम गर्ने ।

ख. उपाध्यक्ष वा उपप्रमुखको काम, कर्तव्य र अधिकारः उपाध्यक्ष वा उपप्रमुखको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–

(१) न्यायिक समितिको संयोजक भई कार्य गर्ने,

(२) अध्यक्ष वा प्रमुखको अनुपस्थितिमा निजको कार्यभार सम्हाल्ने,

(३) गैरसरकारी सङ्घ संस्थाका क्रियाकलापको समन्वय गर्ने,

(४) उपभोक्ता हित संरक्षण सम्बन्धी कार्यको समन्वय गर्ने,

(५) योजना तथा कार्यक्रमको अनुगमन तथा सुपरिवेक्षण गरी सोको प्रतिवेदन बैठकमा पेश गर्ने,

(६) सभा र कार्यपालिकाद्वारा गठित समितिहरूको काममा सहजीकरण र समन्वय गर्ने,

(७) सात दिनभन्दा बढी समय गाउँपालिका वा नगरपालिकामा अनुपस्थित हुने भएमा अध्यक्ष वा प्रमुखलाई जानकारी गराउने,

(८) सभा, कार्यपालिका तथा अध्यक्ष वा प्रमुखले प्रत्यायोजन गरेका वा तोकेका अन्य कार्य गर्ने।

३. कार्यालयमा रहने कर्मचारी संख्या र कार्य विवरण

३.१ स्वीकृत संगठन संरचना

https://melamchimun.gov.np/ne/node/296

३.२ कर्मचारी संख्या :

कार्यालयमा नेपाल सरकारले समायोजनमार्फत पठाएका कर्मचारीहरु तथा स्थानीय तहमा तत्कालिन अवस्थामा कार्यरत कर्मचारीहरु रहेका छन् ।

३.२.१. स्वीकृत कर्मचारी दरबन्दी संख्या २०३ जना

३.२.२. स्थायी कर्मचारी कार्यरत संख्या १८३ जना

३.३ कार्य विवरण

https://www.melamchimun.gov.np/ne/TOR

४ कार्यालयबाट प्रदान गरिने सेवाहरु सेवाहरु

https://www.melamchimun.gov.np/ne/citizen-charter

५. कार्यालयमा रहेका शाखा र जिम्मेवार अधिकारी

क्र.सं.	शाखा	जिम्मेवारी अधिकारी
१	प्रशासन तथा जनशक्ति विकास शाखा	झपेन्द्रराज खरेल
२	आन्तरिक व्यवस्थापन तथा खरिद शाखा	जयराम घोरासैनी
३	सुशासन, कानून तथा बैठक व्यवस्थापन शाखा	
४	आर्थिक प्रशासन शाखा	मुरारी पुडासैनी
५	राजश्व व्यवस्थापन शाखा	राजेन्द्र दुलाल
६	सामाजिक सुरक्षा तथा पञ्जिकरण शाखा	अनिल सिग्देल
७	आन्तरिक लेखा परीक्षण शाखा	
८	नगर प्रहरी व्यवस्था शाखा	
९	योजना, बजेट तथा अनुगमन शाखा	रामकुमार के.सी.

१०	सूचना तथा प्रविधि र अभिलेख शाखा	अर्पना श्रेष्ठ
११	उद्योग, पर्यटन, सहकारी तथा उपभोक्ता हित प्रवर्धन शाखा	
१२	कृषि विकास शाखा	अमर आचार्य
१३	पशु सेवा शाखा	उपेन्द्र पण्डित
१४	स्थानीय पूर्वाधार विकास शाखा	तिलक बस्नेत
१५	भवन तथा शहरी विकास शाखा	जित बहादुर कार्की
१६	वातावरण, सरसफाई तथा विपद् व्यवस्थापन शाखा	सुजन दुलाल
१७	शिक्षा तथा खेलकुद शाखा	रवी प्रसाद शर्मा
१८	महिला, बालबालिका तथा सामाजिक समावेशीकरण शाखा	झपेन्द्रराज खरेल
१९	जनस्वास्थ्य शाखा	ज्ञानेन्द्र प्रसाद घोरासैनी
२०	रोजगार सेवा केन्द्र	रन्जन श्रेष्ठ

६. सेवा प्राप्त गर्दा लाग्ने दस्तुर र अवधि

https://www.melamchimun.gov.np/ne/citizen-charter

७. निवेदन उजुरी उपर निर्णय गर्ने प्रकृया र अधिकारी

यस कार्यालयबाट प्रवाह हुने सेवा प्राप्त गर्नको लागि प्रचलित कानून बमोजिम प्रचलनमा रहेको फारम, तथा निवेदनका ढाँचाहरुमा निवेदन प्रमुख प्रशासकीय अधिकृत समक्ष वा प्रमुख प्रशासकीय अधिकृतको अनुपस्थितिमा प्रशासकीय अधिकृत समक्ष र निवेदन तोक लगाइ दर्ता गरी सम्बन्धित शाखामा पेश गर्नु पर्दछ । निर्णय गर्ने अधिकारी प्रमुख प्रशासकीय अधिकृत हुनेछ। निवेदनको ढाँचा, लाग्ने दस्तुर र प्रकृया नागरिक वडापत्रमा उल्लेख भए बमोजिम हुनेछ ।

८. निर्णय उपर उजुरी सुन्ने अधिकारी

कार्यालयले गरेको काम कारवाही तथा निर्णय उपर प्रमुख प्रशासकीय अधिकृतले उजुरी सुन्ने व्यवस्था रहेको छ । प्रमुख प्रशासकीय अधिकृतका अतिरिक्त गुनासो अधिकारी वा प्रशासकीय अधिकृतसमक्ष उजुरी वा निवेदन दिन सकिने छ ।

९. सम्पादन गरेका प्रमुख कामहरुको विवरण

आ.व. २०७९।०८ मा नगरपालिकाबाट सम्पादित भएका प्रमुख कार्यहरुको विवरण देहाय बमोजिम छन्।

९.१ सुशासन, संस्थागत विकास तथा सेवा प्रवाह :

- संघीय सरकारबाट समायोजन भई आएका र प्रदेश लोकसेवा आयोगबाट सिफारिस भई आएका गरी जम्मा ८२ जना स्थायी र १३२ जना करार सेवामा गरि कूल जम्मा २१४ जना कर्मचारीहरु कार्यरत रहेका छन् ।
- नागरिकको अपेक्षा तथा आकांक्षालाई पूरा गर्न र बढ्दै गएको सेवाको चापलाई सम्बोधन गर्न यस नगरपालिकाले कर्मचारी संगठन संरचनाको पुनरावलोकन गरि नगरसभाबाट स्वीकृत गरी पद दर्ताको लागि प्रदेश किताबखानामा पठाइएको छ ।
- कार्यालयबाट सम्पादन हुने कार्य तथा सेवा प्रवाहलाई चुस्त, दुरुस्त सेवाग्राहीमैत्री बनाई सुशासन, पारदर्शिता र वित्तिय अनुशासन कायम गर्ने उद्देश्यले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गरिएको छ ।
- मेलम्ची नगरपालिका, वडा कार्यालय, मातहतका स्वास्थ्य संस्था लगायतका सार्वजनिक सेवा प्रवाह गर्ने संस्थाहरुमा ई-हाजिरी, सिसी क्यामेरा जडान, डिजिटल डिस्प्ले जडान गरी सेवा सम्बन्धी जानकारी प्रदान गर्ने कार्य गरिएको छ ।
- सुशासन, पारदर्शिता र जवाफदेहीताको मूल मर्म बमोजिम विकास निर्माणका सवालहरुमा रेडियो मिसनको सहजीकरणमा एक वर्षको अविधिमा १२ वटा वडा कार्यालयहरुमा सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न गरिएको छ ।
- यस नगरपालिकाबाट प्रवाह हुने सेवासंग सम्बन्धित गुनासो तथा उजुरीहरुको छिटो र गोप्य रुपमा सम्पादन गर्नको लागि गुनासो अधिकारी, नागरिकको सूचनाको हक सूनिश्चित गर्नको लागि सूचना अधिकारी र बालबालिकाहरुका सम्बन्धमा गर्नुपर्ने कार्यहरु, उनीहरुको सवालमा उठेका विषयहरु सहज रुपमा सम्पादन गर्नको लागि बाल कल्याण अधिकारीको व्यवस्था गरिएको छ ।
- सूचना प्रविधिको माध्यमबाट सेवा प्रवाहमा सहजता र सरलता ल्याउनको लागि राजस्व सफ्टवेयर प्रणाली, सामाजिक सुरक्षा भत्ता वितरण प्रणाली, योजना संचालन प्रणाली, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली, लेखा व्यवस्थापन प्रणाली, दर्ता तथा सिफारिस प्रणाली लगायतका सफ्टवेयर प्रणालीहरुको प्रयोग गरिएको छ । त्यसैगरी, वेबसाइट तथा फेसबुक पेज मार्फत नगरपालिकाबाट हुने गरेका निर्णय तथा कार्यक्रमहरु सार्वजनिक गर्ने गरिएको छ ।

९. २. भवन तथा पूर्वाधार निर्माण :

चालु आ.व. २०८९/०८० को हालसम्मको अवधिमा भवन तथा पूर्वाधार निर्माण तर्फ देहाय बमोजिमका कार्यहरु सम्पन्न भएका छन् ।

(क) <u>भवन निर्माण तर्फ</u> :

- यस नगरपालिका भित्रका वडा नं. ३, ८, १० र १३ गरी जम्मा चार वटा वडा कार्यालयको प्रशासनीक भवनको निर्माण कार्य सम्पन्न गरिएको छ भने वडा नं.४, ७ र ९ को वडा कार्यालय भवन निर्माणको कार्य भैरहेको छ । त्यसैगरी वडा नं १२ को वडा कार्यालय भवन निर्माणको लागि वजेट बिनियोजन भई जग्गा प्राप्तिको प्रक्रियामा रहेको छ।
- मेलम्ची नगरपालिका वडा नं. ११ स्थित गोदाम घरको निर्माण कार्य सम्पन्न गरिएको छ ।
- मेलम्ची नगरपालिका वडा नं. ४, ५, ६ र ११ को संगमस्थल धौलेमा निर्माणाधिन अवस्थामा रहेको सुविधा सम्पन्न तालिम केन्द्र भवनको ७० प्रतिशत कार्य सम्पन्न गरिएको छ ।
- मेलम्ची नगरपालिका वडा नं. ११ स्थित डुँडेखोलामा निर्माणाधिन अवस्थामा रहेको १५ शैयाको नगर अस्पताल भवनको निर्माण कार्य ३५ प्रतिशत सम्पन्न गरिएको छ भने वडा नं. १३ मा स्वास्थ्य चौकी भवन निर्माणको कार्य भइरहेको छ ।
- मेलम्ची नगरपालिका वडा नं. ७ स्थित प्रज्ञा आधारभूत विद्यालयको दुई कोठे पक्की भवन निर्माणको कार्य प्रारम्भ गरिएको छ ।

- यस नगरपालिका भित्रका विभिन्न वडामा २ वटा सामुदायिक भवनहरु निर्माण सम्पन्न गरिएको छ भने ७ वटा सामुदायिक भवनहरु निर्माणको चरणमा रहेका छन् ।
- ५ वटा गुम्बा तथा माने, ४ वटा मठ मन्दिर, १२ वटा चियानघाट, ४ वटा प्रतिक्षालय, १ वटा बुद्ध मुर्ति, १ वटा झाँक्री मूर्ति निर्माण गरिएको छ भने १४ वटा मठ मन्दिर र गुम्बाहरु निर्माणाधिन तथा मर्मत संभारको अवस्थामा रहेका छन् ।
- मेलम्ची नगरपालिका भित्रका १५ वटा विद्यालय भवन र ३ वटा स्वास्थ्य चौकी भवनको मर्मत संभार कार्य सम्पन्न गरिएको छ ।
- मेलम्ची नगरपालिका वडा नं. ६ र ८ को वडा कार्यालय घेराबारको कार्य अन्तिम चरणमा रहको छ ।
- मेलम्ची नगरपालिका वडा नं. १३ स्थित स्वास्थय चौकी भवन निर्माणको कार्य भइरहेको छ।

(ख) <u>सडक निर्माण तर्फ</u> :

चालु आ.व. २०८९/०८० को हालसम्मको अवधिमा देहाय अनुसार सडक निर्माणको कार्य सम्पन्न गरिएको छ ।

<u>तपसिल</u>

क्र.सं.	विवरण	परिमाण	इकाई

१	सडक ढलान	2.3	कि.मि.
२	सडक ग्राभेल	21.20	कि.मि.
३	नयाँ सडक ट्र्याक निर्माण	५.६०	कि.मि.
४	पक्की सडक नाली	2.89	कि.मि.
५	सडक सोलिङ	3.5	कि.मि.
६	ग्याबिन वाल निर्माण	7350	घ.मि.
७	कल्भर्ट निर्माण	३	वटा
८	प्लम वाल निर्माण	2150	घ.मि.
९	स्टोन मेशिनरी वाल निर्माण	8372	घ.मि.
१०	आर.सि.सि .वाल निर्माण	३८५	घ.मि.
११	सिंढी तथा गोरेटो बाटो निर्माण	2.7	कि.मि.

- मेलम्ची नगरपालिका वडा नं. ११ स्थित मेलम्ची बजार देखि वन कार्यालय नगरपालिका हुँदै हेलम्बु राजमार्ग जोड्ने सडक कालोपत्रे गर्ने कार्यको ६० प्रतिशत कार्य सम्पन्न गरिएको छ।
- बाहुनेपाटी मेलम्ची खाल्डे सडक स्तरोन्नतीको कार्य ८५ प्रतिशत सम्पन्न गरिएको छ ।
- मेलम्ची नगरपालिका वडा नं. ११ र ६ स्थित भदौरे धुसेनी मानेभञ्ज्याङ सडक स्तरोन्नतीको कार्य सम्पन्न गरिएको छ ।
- ओखेनीचौर धौले धुसेनीचौर सडक स्तरोन्तीको कार्य सम्पन्न गरिएको छ ।
- वडा नं. ९ स्थित गैरीगाउँ सुनखानी लाँगर्चे सडक र राम्चे डिल सुनखानी खड्काथोक सडकको स्तरोन्नतीको कार्य सम्पन्न गरिएको छ भने मेलम्ची गुफाडाँडा सडक स्तरोन्नतीको कार्य भइरहेको छ।
- मेलम्ची नगरपालिका वडा नं. १२ र १ स्थित सिन्धुखोला गिराञ्चौर महभिर सडक स्तरोन्नतीको कार्य भैरहेको छ।
- वडा नं. १२ स्थित मेलम्ची खत्रीटोल थाक्ले सडक स्तरोन्नतीको कार्य सम्पन्न गरिएको छ।
- मेलम्ची नगरपालिका वडा नं. ११ स्थित अस्थायी बसपार्क निर्माणको कार्य भइरहेको छ
- चालु आ.व. २०७९/०८० मा यस नगरपालिका भित्र ४५ वटा पूर्वाधार निर्माण तथा खरिदका लागि बोलपत्र आव्हान गरिएकोमा बोलपत्र बमोजिम ८५ प्रतिशत निर्माणको कार्य सम्पन्न गरिएको छ।

(ग) <u>खानेपानी तथा सिंचाई निर्माण तर्फ</u> :

- चालु आ.व. २०८९/०८० को हालसम्मको अवधिमा एक घर एक धारा कार्यक्रम अन्तर्गत यस नगरपालिका भित्र २५ वटा खानेपानी योजनाहरु मार्फत १८२ वटा खानेपानी धाराहरु निर्माण

सम्पन्न भएका छन् भने हालसम्म यस नगरपालिका भित्रका ६५ प्रतिशत नागरिकहरुलाई स्वच्छ खानेपानी पुर्याइएको छ ।

- मेलम्ची नगरपालिका भित्रका नागरिकहरुलाई पाइप मार्फत स्वच्छ खानेपानी पुऱ्याउनको लागि नगर तथा वडाको बजेटबाट ६८१५० मिटर खानेपानी पाइप खरिद गरी वितरणको कार्य भइरहेको छ ।
- मेलम्ची बजार बृहत खानेपानी आयोजनाको लागि आवश्यक पाइप तथा फिटिङ्गका सामग्रीहरु नगरपालिकाबाट खरिद भई निर्माण समितिलाई हस्तान्तरण गरी हाल करिव ३०० वटा खानेपानी धारा निर्माण गर्नको लागि पाइप लाइन विस्तार भइरहेको छ ।

र

- मेलम्ची नगरपालिका वडा नं. ९ स्थित गुफाडाँडा पर्यटकीय क्षेत्रको खानेपानी निर्माण गर्ने कार्य सम्पन्न गरिएको छ ।
- नगरपालिका भित्रका विभिन्न वडाका कृषि योग्य जमिनमा सिंचाई सुविधा पुऱ्याउनका लागि २.४६ कि.मि. पक्की सिंचाई कुलो निर्माण सम्पन्न गरिएको छ ।

(घ) <u>भूमि व्यवस्थापन तर्फ</u> :

- मेलम्ची नगरपालिका वडा नं. ९ को वडा कार्यालय भवन निर्माण गर्नको लागि सोहि वडामा स्थानीयबासीहरुबाट २ रोपनी ३ पैसा २ दाम जग्गा र वडा नं. ११ र ६ मा दुई वटा सामुदायिक भवन निर्माण गर्नको लागि जाम्मा १३ आना जग्गा निःशुल्क प्राप्त भएको छ ।
- वडा नं ३ र ७ मा नमुना सामुदायिक भवन निर्माणको लागि २/२ रोपनी जग्गा निःशुल्क प्राप्त गरी भवन निर्माण प्रक्रिया अघि बढेको छ ।
- मेलम्ची नगरपालिकामा स्थानीय भू-उपयोग परिषद गठन गरी नगरपालिका भित्रका कृषि क्षेत्र र गैर कृषि क्षेत्रका जग्गाहरुको वर्गिकरण गर्ने कार्य गरिएको छ भने अन्य क्षेत्रको जग्गा वर्गिकरण गर्ने कार्य शुरु गरिएको छ ।

(ङ) <u>पर्यटन पूर्वाधार निर्माण तर्फ</u> :

- मेलम्ची नगरपालिका र काठमाडौं महानगरपालिका बीचको संयुक्त लगानीमा मेलम्ची नगरपालिका वडा नं. १ र २ स्थित भोटेचौर तपचुली एकिकृत पर्यटकीय पूर्वाधार निर्माणको प्रवेशद्धार, पदमार्ग, पिक्निक स्पट, प्रतिक्षालय लगायतका पूर्वाधार निर्माणको कार्य भइरहेको छ ।
- धार्मिक पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले मेलम्ची नगरपालिका वडा नं. ४, ५ र ६ को संगमस्थल धौलेमा प्रवेशद्धार, मन्दिर, सत्तल र पोखरी निर्माणको कार्य सम्पन्न गरिएको छ ।
- मेलम्ची नगरपालिका वडा नं. ९ स्थित गुफाडाँडामा पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले खानेपानी निर्माण र सामुदायिक भवन निर्माणको कार्य सम्पन्न भएको छ ।

- मेलम्ची नगरपालिका वडा नं. २ मा पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले बुद्ध मुर्ती निर्माण गर्ने कार्य सम्पन्न गरिएको छ ।

९.३ योजना कार्यान्वयन :

- नगर सभाबाट विनियोजन भएका ६१४ वटा योजनाहरुमध्ये हालसम्म २९० वटा योजनाहरु सम्पन्न भइसकेका छन् ।
- आ.व. २०७९/०८० मा नगरसभाबाट विनियोजन भएका सम्पूर्ण योजनाको प्रभावकारी कार्यान्वयन गर्न उपभोक्ता समितिका पदाधिकारीहरुलाई अभिमुखीकरण कार्यक्रम संचालन गरिएको छ ।
- नगरपालिकाको नगरस्तरिय अनुगमन तथा सुपरिवेक्षण समितिबाट हालसम्म सबै वडामा सम्पन्न भएका तथा सञ्चालनमा रहेका योजनाहरुको स्थलगत अनुगमन तथा निरिक्षण गर्ने कार्य गरिएको छ।

९.४ राजस्व व्यवस्थापन :

- चालु आ.व. २०७९/०८० को जेठ मसान्तसम्म मालपोत, सम्पत्ति कर, व्यवसाय कर, सेवा शुल्क, सेवा दस्तुर, ढुङ्गा गिटी बालुवा बिक्री लगायतका आय शिर्षकहरुमा आन्तरिक राजस्व तर्फ रु. २६ करोड ४५ लाख राजस्व संकलन गरिएको छ ।
- मेलम्ची नगरपालिका भित्रका बजार क्षेत्रहरूमा बजार अनुगमन गरी बजारको नियमन र मिति गुज्रेका वस्तुहरु नष्ट गर्ने कार्य गरिएको छ ।
- मेलम्ची नगरपालिका क्षेत्र भित्र करदाता शिक्षा कार्यक्रम संचालन गरी वडा तथा नगरपालिकामा कर तिर्ने ४५ जना उत्कृष्ट करदाताहरुलाई सम्मान गर्ने कार्य गरिएको छ ।
- नगरपालिकाको राजश्व वृद्धि गर्ने उद्देश्यले वडा नं. ४, ५, ६ र ९ मा वडागत करदाता शिक्षा कार्यक्रम सम्पन्न गरिएको छ ।
- मेलम्ची नगरपालिकाबाट आ.व २०७९/०८० को जेठ मसान्तसम्म १६ वटा "घ" वर्गको निर्माण व्यवसाय इजाजत प्रदान गरिएको छ भने २६ वटा गैर सरकारी संस्था र २ वटा जलस्रोत उपभोक्ता संस्था दर्ता भएका छन्।
- आम उपभोक्ताको हक अधिकारका सवालमा यस नगरपालिका र उपभोक्ता हकहित संरक्षण मञ्चको सहकार्यमा उपभोक्ता हक हित सम्बन्धी अन्तर्क्रिया र चेतनामुलक कार्यक्रम सम्पन्न गरिएको छ ।
- यस नगरपालिकाको सहयोग र नगर उद्योग वाणिज्य संघको आयोजनामा उद्योग व्यवसायी सचेतना र कर शिक्षा कार्यक्रम संचालन गरिएको छ ।
- राजस्व सुधार कार्ययोजना तयार गरी लागु गरिएको छ ।

९. ५. शिक्षा तथा खेलकुद :

शिक्षा तथा खेलकुद तर्फ चालु आ.व. २०७९/ ०८० मा देहाय बमोजिमका कार्यहरु सम्पादन गरिएका छन्।

(क) <u>शिक्षा तर्फ</u> :

- नगरपालिकाको आन्तरिक श्रोतबाट कक्षा ७ र ८ मा अध्ययनरत विद्यार्थीहरुलाई दिवा खाजाको व्यवस्थापन गर्नुको साथै विश्व खाद्य कार्यक्रमको सहयोगमा दिवा खाजामा स्थानीय उत्पादनको प्रयोग बढाउनका लागि आवश्यक कार्यक्रमको शुरुवात गरिएको छ ।
- नगरपालिकाको आन्तरिक श्रोतबाट प्रधानाध्यापक भत्तामा देहाय अनुसार थप रकमको व्यवस्था गरिएको छ ।

<u>तपसिल</u>

कक्षा	संघीय सरकारबाट उपलब्ध भएको मासिक भत्ता	नगरपालिकाको तर्फबाट थप गरिएको मासिक रकम
कक्षा ५ सम्म	रु २००	रु ५००
कक्षा ८ सम्म	रु ३००	रु ८००
कक्षा १० सम्म	रु ५००	रु १०००
कक्षा १२ सम्म	रु ५००	रु १२००

- स्थानीयस्तरमा मध्यमस्तरीय प्राविधिक जनशक्ति तयार गर्नका लागि कक्षा ९ देखि १२ सम्म ५ जनालाई सिभिल इन्जिनियरिङ तथा २ जना विद्यार्थीलाई कृषि विज्ञान विषयमा डिप्लोमा अध्ययनका लागि छात्रवृत्तिको व्यवस्था गरिएको छ ।
- विद्यालयमा प्रयोग भैसकेका स्यानिटरी प्याडको उचित व्यवस्थापनका लागि विद्यालयमा इन्सिनेटर मेशिन तथा सहज पहुँचका लागि भेन्डिङ मेशिन जडान कार्य सम्पन्न भएको छ ।
- विद्यालयहरुलाई कृषि कर्मसंग जोड्नका लागि ३ वटा विद्यालयहरुमा नमुनाका रुपमा विद्यालय कृषि कार्यक्रमको शुरुवात भएको ।
- शैक्षिक सत्र २०८० बाट विद्यालयहरुमा स्थानीय पाठ्यक्रम स्वीकृत गरी लागू गरिएको छ ।
- एक विद्यालय एक बालविकास केन्द्रलाई निरन्तरता दिन २९ वटा वालविकास केन्द्रलाई नगरपालिकाको आन्तरिक श्रोतबाट व्यवस्थापन गरिएको छ ।
- चालु आ.व. २०७९/०८० मा शिक्षा पूर्वाधार विकास कार्यक्रम अन्तर्गत करिव रु. १ करोडको लगानीमा तपशिलका विद्यालयहरुमा शिक्षा पूर्वाधार विकास कार्यक्रम संचालन गरिएको छ ।

<u>तपसिल</u>

क्र.सं.	विद्यालय	पूर्वाधार विकास कार्य
१	श्री प्रज्ञा आ.वि.	दुई कोठे पक्की भवन निर्माणाधिन

२	श्री ठुलोथकनी मा.वि.	भवनको प्लाष्टर तथा रंगरोगन भएको
३	श्री सातकन्या मा.वि.	अधुरो भवनको निर्माण कार्य भइरहेको
४	श्री साल्मे आ.वि.	मर्मत सुधार कार्य सम्पन्न भएको
५	श्री शितलादेवी मा.वि.	ट्रष्ट निर्माण भएको
६	श्री महाकाली मावि र श्री कालिका चेतना मा.वि.	वालमैत्री कक्षा कोठा व्यवस्थापन भएको
७	श्री जनता मा.वि.	संरक्षण घेरावार भएको
८	श्री बतासे मा.वि.	संरक्षण घेरावार)साझेदारी कार्यक्रम(भएको

- मेलम्ची नगरपालिकाको शिक्षा ऐन बमोजिम हालसम्म पदावधी समाप्त भएका ३६ वटा विद्यालयको विद्यालय व्यवस्थापन समितिको गठन कार्य सम्पन्न गरिएको र बाँकी रहेका विद्यालयमा उच्च प्राथमिकताका साथ वि.व्य.स. गठनको कार्य अगाडि बढाइएको ।
- मेलम्ची नगरपालिका अन्तर्गत संचालित सामुदायिक विद्यालयहरुमा रिक्त शिक्षक तथा कर्मचारीको पदमा यस आर्थिक वर्षमा ७५ वटा करार नियूक्तिको कार्य सम्पन्न गरिएको ।

खेलकुद तर्फ :

- यस नगरपालिकामा नगर खेलकुद विकास समितिको गठन गर्ने कार्य सम्पन्न गरिएको छ ।
- यस नगरपालिकाबाट नगरस्तरीय राष्ट्रपति रनिङ्ग सिल्ड प्रतियोगिता सम्पन्न गरिएको छ ।
- मेलम्ची नगरपालिका भित्रका देहाय बमोजिमका विभिन्न संस्था तथा क्लबहरुद्धारा नगरपालिकाको आर्थिक सहयोगमा खेलकुद प्रतियोगिताहरु सम्पन्न भएका छन ।

तपसिल

- वडा नं ७ स्थित न्यू नमूना युवा जागरण समूहको आयोजनामा सम्पन्न जिल्ला स्तरीय खुला पुरुष भलिबल प्रतियोगिता।
- योङ्ग स्टार क्लबको आयोजनामा जिल्ला स्तरीय खुला पुरुष भलिबल प्रतियोगिता।
- मेलम्ची ब्याडमिन्टन एकेडेमीको आयोजनामा भएको मेलम्ची नगरपालिका दोश्रो मेयर कप ब्याडमिन्टन प्रतियोगिता।
- सिद्धेश्वरी युवा क्लबको आयोजनामाप्रथम मेयर कप नगरस्तरीय भलिबल प्रतियोगिता ।
- नगरपालिका बाहिर आयोजना भएका विभिन्न खेलकुद प्रतियोगितामा नगरपालिकाको प्रतिनिधित्व गर्दै खेल खेल्न जाने खेलाडीहरुलाई नगर खेलकुद विकास समितिको निर्णयानुसार जर्सी सेट, खाना, बास तथा यातायात खर्च उपलब्ध गराउने कार्य गरिएको छ ।

९.६ स्वास्थ्य तथा आयुर्वेद :

(क) स्वास्थ्य तर्फ:

- नगरपालिका अन्तर्गत रहेका सबै स्वास्थ्य संस्थाहरुबाट हालसम्मको अवधिमा ३६ हजार ४ सय २४ जना महिला, २५ हजार ४ सय ६७ जना पुरुष गरी जम्मा ६१ हजार ८ सय ९१ जना सेवाग्राहीहरुलाई स्वास्थ्य सेवा प्रदान गरिएको छ ।
- गर्भवती तथा सुत्केरी महिलाहरुलाई नि: शुल्क एम्बुलेन्स सेवा कार्यक्रम अन्तर्गत जेठ मसान्तसम्म मेलम्ची नगरपालिका क्षेत्र भित्रका ३२२ जना गर्भवतीहरुलाई पालिका भित्रको बर्थिङ सेन्टरमा आउन जान र नगर अस्पतालबाट रेफर गरिएका २३ जना सुत्केरी र गर्भवती महिलाहरुलाई नि:शुल्क एम्बुलेन्स सेवा प्रदान गरिएको छ ।
- नगरपालिका भित्रका ६ वटा बर्थिङ सेन्टरहरुको लागि ५ वटा भिडियो एक्स-रे मेशिन र २ वटा आइ.एल.आर. फ्रिज खरिद गरी वितरण गरी ५ जना नर्स हरुलाई २१ दिने ग्रामीण अल्ट्रासाउण्ड तालिम सम्पन्न ।
- नगरपालिका भित्रका सबै महिला सामुदायिक स्वास्थ्य स्वयंसेवीकाहरुलाई एक/एक थान झोला र छाता वितरण गरिएको छ ।
- वडा नं. ११ र ४ मा एकिकृत घुम्ती शिविर संचालन गरी नगर भित्रका ५२१ जना सेवाग्राहीहरुलाई स्वास्थ्य सेवा प्रदान गरिएको छ ।
- नगरपालिका भित्रका सबै स्वास्थ्य संस्थाका प्रमुख तथा प्रतिनिधिहरुलाई पहिलो पटक लेखा तथा प्रशासन सम्बन्धी तालिम प्रदान गरिएको छ ।
- नगरपालिका भित्रका सबै स्वास्थ्य संस्थाहरुबाट निःशुल्क वितरण गरिने औषधिको अलवा नगरपालिकाले गर्भवती महिला पहिचान गर्न UPT किट, गर्भवती तथा सुत्केरी आमाहरुलाई क्याल्सियम, रेबिज खोप र टि.टि. खोप नि:शुल्क वितरण गरिएको छ ।
- मेलम्ची नगर अस्पतालमा अप्रेसन सहितको प्रशुती सेवा संचालन गरी ५० जना गर्भवती महिलाहरुलाई अप्रेसन सहितको प्रशुती सेवा प्रदान गरिएको छ ।
- वडा नं १ भोटेचौर र वडा नं १२ गिरान्चौरमा शहरी स्वास्थ्य केन्द्रको विस्तार गरी सेवा संचालन गरिएको छ ।
- मेलम्ची नगरपालिका भित्र एम्बुलेन्स र सव बहानको सहज सेवा प्रदान गर्नका लागि २ वटा एम्बुलेन्स र १ वटा शव वहान खरिद गरी संचालनमा ल्याइएको छ भने प्रदेश सरकारको सहयोगमा थप एकवटा अत्याधुनिक सुविधा सम्पन्न एम्बुलेन्स प्राप्त भएको छ ।
- नगरपालिका भित्रका सबै स्वास्थ्यकर्मी र महिला सामुदायिक स्वास्थ्य स्वयंसेवीकाहरुलाई बृहत पोषण प्याकेज तालिम संचालन गर्नुको साथै महिला सामुदायिक स्वास्थ्य स्वयंसेवीकाहरुलाई अध्ययन अवलोकन भ्रमण गराइएको छ ।

- मेलम्ची नगरपालिका वडा नं. ५ र ९ को स्वास्थ्य संस्था भवनको निर्माण कार्य सम्पन्न भएको छ भने वडा नं. ३, ४, ६, र १३ का स्वास्थ्य संस्थाहरु निर्माणाधिन अवस्थामा रहेका छन् ।
- आठ प्रकारका जटिल रोगहरुको उपचारका लागि मेलम्ची नगरपालिका भित्रका ५७ जना नागरिकहरुलाई विपन्न उपचार सिफारिस प्रदान गरिएको छ ।
- नगरपालिका अन्तर्गतका स्वास्थ्यकर्मीहरुको लागि एकीकृत नवजात शिशु तथा बालरोग व्यवस्थापन सम्बन्धि कार्यक्रम सम्पन्न गरिएको छ।
- नगरपालिका अन्तर्गतका स्वास्थ्यकर्मीहरुको लागि समता तथा पहुँच सम्बन्धि १ दिने अभिमुखीकरण कार्यक्रम सम्पन्न |
- मेलम्ची नगरपालिका अन्तर्गतका स्वास्थ्यकर्मीहरुलाई ३ दिने HMIS RIVISE TOOLS सम्बन्धि तालिम तथा नगरपालिका भित्रका सबै स्वास्थ्य संस्था प्रमुखहरुलाई १ दिने E-LMIS तालिम सम्पन्न |
- मेलम्ची नगरपालिका र भक्तपुर क्यान्सर अस्पतालको प्राविधिक सहयोग मा एक दिने स्तन तथा पाठेघरको मुखको प्रारम्भिक परीक्षण कार्यक्रम सम्पन्न भएको छ । २४८ जनाले सेवा लिएको उक्त कार्यक्रममा ३ जनामा स्तन क्यान्सरको लक्षण भेटिएको थियो ।
- समुदायमा लुकेर रहेका शंकास्पद क्षयरोग पहिचान गर्न स्क्रिनिङ शिविर संचालन गरिएको छ।
- मेलम्ची नगर अस्पतालमा परिवार नियोजन शिविर संचालन गरी २९ जना सेवाग्राहीहरुलाई स्थायी बन्ध्याकरण सेवा प्रदान गरिएको छ ।
- नगरपालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरुबाट तपसिल बमोजिमको खोप तथा सेवा प्रदान गरिएको छ ।

<u>तपसिल</u>

क्र.सं.	सेवाको विवरण	सेवाग्राही संख्या
१	कोभिड विरुद्धको फाईजर खोप	५९२२ जना
२	बि.सि.जी .खोप	३४५ जना
३	डि.पि.टी .खोप	१३१७ जना
४	FIPV खोप	१२७३ जना
५	दादुरा खोप	८१५ जना
६	टाइफाइड खोप	३८५ जना
७	TD खोप	६३९जना
८	एम्बुलेन्स सेवा)सुत्केरी(	२६१ जना
९	प्राथमिक स्वास्थ्य केन्द्रबाट रेफर गरिएका	१८ जना
१०	पोषण भत्ता प्राप्त गर्ने सुत्केरी महिला	२९७ जना
११	प्रसुति सेवा	४८८ जना
१२	शल्यक्रिया गरिएका सुत्केरी महिला संख्या	५० जना
१३	रगत दिएको सुत्केरी संख्या	८ जना

१४	अन्य शल्यक्रिया एपेन्डिक्स ५ हर्निया ९ हाइड्रोशिल ५ घाऊ खटिरा १६०	जम्मा १७९ जना
१५	इम्प्लान्ट सेवा	९७ जना
१६	आइ.यु.सि.डी .सेवा प्रदान	३ जना
१७	भिडियो एक्स-रे सेवा	४३० जना
१८	४ पटक गर्भ जाँच उत्प्रेरणा रकम वितरण	३५३ जना
१९	गर्भ पतन सेवा	१६२ जना
२०	गाउँघर क्लिनिकबाट सेवा पाएका सेवाग्राही	४८९३ जना
२१	स्वयंसेवीकाबाट सेवा पाएका सेवाग्राही	३०५२० जना
२२	भिटामिन A प्राप्त गरेका बालबालिका	२९३० जना
२३	जुकाको औषधि प्राप्त गरेका बालबालिका	२६१२ जना
२४	HIV टेस्ट गरेका गर्भवती महिला	४६४ जना
२५	परामर्श सेवा प्रदान गरिएका गर्भवती महिला	५३० जना
२६	पोष्टमार्टम	२३ जना
२७	घाउ केश गरिएका संख्या	११ जना
२८	रेप केश गरिएका	१ जना
२९	पहिलो पटक तौल लिएको बच्चा	५४४ जना
३०	पुन तौल लिएका बच्चाहरु)०-११ (	१४७४ जना
३२	पुन तौल लिएका बच्चाहरु) १२-२३(	१०८५ जना
३३	जुकाको औषधि पाएका बिद्यार्थीहरु	३०९९१ जना
३४	सुत्केरी घर भेट गरेका आमाहरु	१४५ जना
३५	शिशु जन्मेको ६ महिनासम्म स्तनपान गराउने आमा	४४० जना
३६	शिशु जन्मेको ६ महिना पछि स्तनपानको साथै थप आहार खुवाउने आमा	४४० जना

(ख) आयुर्वेद तर्फ :

- मेलम्ची नगरपालिका अन्तर्गत रहेका दुइवटा आयुर्वेद औषधालयबाट एक बर्षको अवधिमा जम्मा ४३९० जनालाई निःशुल्क सेवा प्रदान गरिएको छ ।
- आयुर्वेद औषधालयका दुइवटा भवनहरुको निर्माण कार्य सम्पन्न भै संचालनको चरणमा रहेको छ।

- निःशुल्कआयुर्वेद गाउँघर/शहरी क्लिनिक मार्फत नसर्ने रोग व्यवस्थापन तथा उपचार सेवा कार्यक्रम अन्तर्गत महिला ४३० र पुरुष ३१८ जना गरि जम्मा ७४८ जना सेवाग्राहीहरुलाई सेवा प्रदान गरिएको छ ।
- पन्चकर्म/पूर्वकर्म स्नेहन स्वेदन र शिरोधारा कार्यक्रम अन्तर्गतको स्नेहन स्वेदन तर्फ जम्मा १९१ जना र शिरोधारा तर्फ जम्मा ७ जनालाई सेवा प्रदान गरिएको छ ।
- विद्यालय आयुर्वेद तथा योग शिक्षा कार्यक्रम अन्तर्गत मेलम्ची नगरपालिकाका १० वटा माध्यमिक विद्यालयहरुका ५३७ जना विद्यार्थीहरुलाई आयुर्वेद तथा योग शिक्षा र स्थानीय स्तरमा पाईने जडिवुटीहरुको प्रयोग बारे ज्ञान तथा जानकारी प्रदान गरिएको छ ।
- मेलम्ची नगरपालिकाद्वारा संचालित एकीकृत घुम्ती शिविर कार्यक्रम अन्तर्गत आयुर्वेद सेवातर्फ महिला २४० जना र पुरुष १४९ जना गरि जम्मा ३८९ जनालाई सेवा प्रदान गरिएको छ ।

(ग) बहुक्षेत्रीय पोषण कार्यक्रम तर्फ :

- मेलम्ची नगरपालिका वडा नं. २ र ७ मा कुपोषित वालालिकाहरुको लागि बहिरङ्ग उपचार सेवा (OTC) केन्द्र संचालनका लागि आवश्यक सामग्रीको व्यवस्थापन गरिएको छ ।
- मेलम्ची नगरपालिका वडा नं. ४ का ७३ जना आमाहरूलाई पोषिलो खाना वितरण गरिएको छ ।
- मेलम्ची नगरपालिका वडा नं. ७ र ८ का जम्मा ६२ जना गर्भवती महिलाहरूलाई खानेपानीको फिल्टर वितरण गरिएको छ।
- मेलम्ची नगरपालिका वडा नं. ६, ७ र ८ का सुनौला हजार दिनका २३० जना आमाहरूलाई पोषण लेखाजोखा तथा पोषण सम्बन्धी तालिम र २१६ जनालाई तरकारीका बेर्ना वितरण गरिएको छ।
- मेलम्ची नगरपालिका वडा नं. १२ का ४३ जना आमाहरूलाई तरकारी खेती सम्बन्धी २ दिने तालिम प्रदान गरिएको छ ।
- मेलम्ची नगरपालिका वडा नं. १३ का २५ जना सुनौला हजार दिनका आमाहरूलाई गोठ सुधार तथा बाख्रापालन सम्बन्धी ३ दिने तालिम प्रदान गरिएको छ।
- श्री लालीगुराँस महिला सहकारी संस्था लि. का २५ जना सदस्यहरूलाई बाख्रापालनका लागि जम्मा रु.६ लाख अनुदान वितरण गरिएको छ ।
- वडा नं १० लाई पोषणमैत्री स्थानीय शासन लागुगर्न वडा छनौट गरी कार्यक्रम शुरु गरिएको।
- मेलम्ची नगरपालिका अन्तर्गत सबै वडाका २६ जना विपन्न आमाहरुलाई करेशाबारी निर्माण गर्न कृषि टनेल, ६० लिटरको ड्रम र पाइप वितरण गरिएको छ ।
- वडा नं. १० लाई पोषणमैत्री स्थानीय वडा घोषणाको लागि सुनौला हजार दिनका आमाहरुलाई ३ दिने एकिकृत तालिम कार्यक्रम सम्पन्न गरिएको छ ।

- पोषणमैत्री स्थानीय वडाको लागि सुनौला हजार दिनका आमाहरुलाई हाइजिन किट, ड्रम, पाइप, अण्डा, तरकारीका बीउहरु लगायतका सामानहरु वितरणको तयारीमा रहेको छ ।
- पोषणमैत्री स्थानीय तह निर्माणका लागि मेलम्ची नगरपालिकाका जनप्रतिनिहरुलाई पोषणमैत्री स्थानीय शासन सम्बन्धी एक दिने अभिमुखीकरण कार्यक्रम सम्पन्न गरिएको छ ।

९. ६. कृषि विकास तर्फ :

मेलम्ची नगरपालिका अन्तर्गत रहेको कृषि विकास शाखाबाट चालु आ.व. २०८९/०८० को हालसम्मको अवधिमा देहाय बमोजिमका कार्यहरु सम्पादन भएका छन् ।

- कृषि विकास कार्यक्रम अन्तर्गत चालु आ.व.मा यस नगरपालिका भित्रका विभिन्न वडाहरुमा ९५ वटा मिनिटिलर, ९३ वटा स्प्रेयर र ६ वटा मकै छोडाउने मेशिन उपकरण वितरण गरिएको छ ।
- बाली संरक्षण कार्यक्रम अन्तर्गत विभिन्न बालीनालीमा देखिने समस्याको पहिचानको आधारमा ७५ प्रतिशत अनुदानमा विषादी तथा ल्यूर वितरण गरिएको छ ।
- मौरी प्रवर्द्धन कार्यक्रम अन्तर्गत ७५ प्रतिशत अनुदानमा ९४ वटा मौरी खाली घार र (सेरेना) मौरी पालन उपकरणहरु मौरी पन्जा), मौरी ब्रस, घार स्टयान्ड, क्विन गेट, मौरी टोपीखरिद गरी (मौरीपालक कृषकहरुलाई वितरण गरिएको छ ।
- आलु प्रवर्द्धन कार्यक्रम अन्तर्गत ७५ प्रतिशत अनुदानमा ११ हजार ५ सय ७९ वटा ५ ग्राम सम्मको पिएस दाना खरिद गरी कृषकहरुला.बि.ई वितरण गर्नुको साथै उत्पादन भएको १०० बोरा बिउ आलु कोल्डस्टोर गरिएको छ ।
- कृषि व्यवसाय प्रवर्द्धन कार्यक्रम अन्तर्गत ७५ प्रतिशत अनुदानमा काउली, गोलभेडा लगायतका तरकारीको बीउ वितरण गरिएको छ । त्यसैगरी, ७५ प्रतिशत अनुदानमा ८० पिस प्लाष्टिक टनेल (७० जि. एस. एम.), २०० लिटरको ड्रम सहितको २८ सेट थोपा सिंचाई सेट र ४१ रोल प्लाष्टिक मल्चिङ वितरण गरिएको छ ।
- माटो सुधार कार्यक्रम अन्तर्गत वडा नं. १२ स्थित ढकालथोकमा माटो परीक्षण शिविर सञ्चालन गरी नि:शुल्क रुपमा कृषि चुन वितरण गरिएको छ ।
- कृषि प्रविधि विस्तार तथा क्षमता वृद्धि कार्यक्रम अन्तर्गत नगर भित्रका १७ जना कृषकहरुलाई ७ दिने मिनिटिलर मर्मत सम्बन्धि तालिम प्रदान गरिएको छ ।
- च्याउ विशेष कार्यक्रम अन्तर्गत ७५ प्रतिशत अनुदानमा २०० ग्रामको ५ हजार प्याकेट कन्ये च्याउको विउ र २०० के.जी. एल. डि. प्लाष्टिक वितरण गरिएको छ ।

- मसला वाली प्रवर्द्धन कार्यक्रम अन्तर्गत ७५ प्रतिशत अनुदानमा प्याज, बेसार र अदुवाको ८९ के.जी. उन्नत बीउ वितरण गरिएको छ ।
- बाली विकास कार्यक्रम अन्तर्गत ५० प्रतिशत अनुदानमा ५ हजार ६ सय के.जी. गहुको उन्नत बीउ वितरण गरिएको छ ।
- बीउमा आत्मनिर्भर तथा रैथाने बाली प्रवर्द्धन कार्यक्रम अन्तर्गत ज्यामिरे साना किसान कृषि सहकारी संस्था लि. को साझेदारीमा ७५ प्रतिशत अनुदानमा ९२० के.जी. गहुँको मूल बिउ वितरण गरिएको छ ।
- कृषि यान्त्रिकरण कार्यक्रम अन्तर्गत ५० प्रतिशत अनुदानमा सुरक्षित पहिरन सहित ९३ थान पावर स्प्रेयर वितरण गरिएको छ ।
- फलफुल विकास कार्यक्रम अन्तर्गत ७५ प्रतिशत अनुदानमा निलोतुथो, चुन, सिकेचर, पुर्निङ स, प्रोटिन वेड, खनिज तेल, फल टिप्ने भर्याङ वितरण गरिएको छ ।
- स्वाइल सिमेन्ट ट्याङकी साना/प्लाष्टिक पोखरी/सिंचाई मर्मत कार्यक्रम अन्तर्गत वडा नं ६ स्थित धौलेश्वरी कृषि तथा पशुपालन फर्मसंग सम्झौता गरी सिमेन्टेड पोखरी निर्माण गरिएको, वडा नं ९ स्थित ज्यामिरे साना किसान कृषि सहकारी संस्था लि. संग सम्झौता गरी काफ्लेखोला कृष्ण मन्दिर साना सिंचाई र काफ्लेखोला द्वारे टोल साना सिंचाई मर्मत गरिएको र वडा नं ९ स्थित ईन्द्र धनुष कृषि तथा पशुपालन फर्म संग सम्झौता गरी प्लाष्टिक पोखरी निर्माण गरिएको छ ।
- ७५ प्रतिशत लागत साझेदारीमा तरकारी नर्सरी स्थापनाका लागि कृषि सहकारी संस्था र फर्महरु मार्फत नगरपालिका भित्रका ४ जना कृषकहरुसँग सम्झौता गरिएको छ ।
- घरवारी बगैंचा प्रवर्द्धन कार्यक्रम अन्तर्गत ७५ प्रतिशत अनुदानमा ९८ पिस प्लाष्टिक टनेल वितरण गरिएको छ ।
- मेलम्ची नगरपालिकाबाट कृषि तथ्याङ्क संकलन तथा बिश्लेष्ण प्रणालीका अतिरिक्त व्यवसायीक योजना निर्माण तथा सेवा ब्यवस्थापन प्रणाली निर्माण गरिएको छ ।
- स्कुल अफ हर्टिकल्चर कार्यक्रम अन्तर्गत तरकारी खेती गर्नको लागि फलामको फ्रेम सहितको टनेल निर्माण गर्न वडा नं. ९ स्थित क्याउले ठाना आ.वि., वडा नं. १३ स्थित कालिका चेतना मा.वि. र वडा नं. १२ स्थित जाल्पा देवी मा.वि. संग जम्मा रु. ९ लाख रुपैयाँमा सम्झौता गरी कार्य अगाडि बढाइएको छ ।
- प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना अन्तर्गत मेलम्ची नगरपालिका वडा नं. ६ मा नयाँ मकै पकेट कार्यक्रम संचालनका लागि तेर्से सामुदायिक कृषि सहकारी संस्था लि. संग सम्झौता गरी ४२ थान मिनिटिलर, १ थान मकै छोडाउने मेशिन, ५०० के.जी. मकैको उन्नत बीउ र एक दिने मिनिटिलर प्रयोग सम्बन्धी तालिम संचालन गरिएको छ ।

- प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना अन्तर्गत मेलम्ची नगरपालिका वडा नं. ११ मा मकै पकेट कार्यक्रम निरन्तरताको लागि जरायटार साना किसान कृषि सहकारी संस्था लि संग सम्झौता गरी २१ थान मिनिटिलर, ५ थान मकै छोडाउने मेसिन, २०० के.जी. मकैको उन्नत बीउ ,२ वटा मकैको उत्पादन प्रदर्शन तथा १ दिने मिनिटिल प्रयोग सम्बन्धि तालिम सञ्चालन गरिएको छ ।
- मेलम्ची नगरपालिका वडा नं.११, १२ र १३ का ९८९ जना कृषकहरुको सुचिकरण गर्ने कार्य सम्पन्न गरिएको छ।
- मेलम्ची नगरपालिका भित्रका कृषकहरुको लागि २८०० के.जी. उन्नत मकै (रामपुर कम्पोजिट र पोशिलो१-) वितरण गर्ने कार्य सम्पन्न गरिएको छ ।
- वडा नं. ३ र ९ मा ५० प्रतिशत लागत साझेदारीमा ३० लाख बराबरको किवी खेतीको थाक्रा निर्माण गर्नको लागि सम्झौता गरि निर्माणको कार्य भइरहेको छ ।
- अर्गानिक खेती प्रवर्द्धन कार्यक्रम अन्तर्गत वडा नं. १ स्थित सिन्धु कृषि सुधार बहुउद्देश्यीय सहकारी संस्था लि. र सिन्धु मल्टी प्रपोज लि. संग ५० प्रतिशत अनुदानमा फलामको फ्रेम सहितको टनेल निर्माण तालिम, जैविक विषादी बनाउनको लागि सुक्ष्म खाद्यतत्व वितरण गर्नको सम्झौता गरी कार्यक्रम संचालन भइरहेको छ ।
- वडा नं. १२ स्थित बाँसबारी सामुदायिक कृषि सहकारी संस्था लि.सँग मिनि कोल्डस्टोर निर्माणको लागि ५० प्रतिशत अनुदानमा सम्झौता गरी कोल्डस्टोर निर्माणको कार्य भइरहेको छ ।

९. ७. पशु सेवा तर्फ :

मेलम्ची नगरपालिकाको पशु सेवा शाखाबाट चालु आ.व. २०८९/०८० को हालसम्मको अवधिमा सम्पादन भएका कार्यहरु देहाय अनुसार रहेका छन् ।

- पशु सुत्केरी प्रोत्साहन कार्यक्रम अन्तर्गत नगरपालिका भित्रका १४३६ जना पशुपालक कृषकहरुको ३९७ वटा गाई र १२०९ वटा भैंसी गरी जम्मा १६०६ वटा पशुहरुको सुत्केरी प्रोत्साहन बापत रु. २९ लाख ३३ हजार ८ सय वितरण गरिएको छ ।
- कृषकले व्यहोर्ने प्रिमियम रकमको ५० प्रतिशत अनुदान कार्यक्रम अन्तर्गत नगरपालिका भित्रका १२७३ जना पशुपालक कृषकहरुको ३७८ वटा गाई र १२१९ वटा भैंसी गरी जम्मा १५९७ वटा पशुहरुको बिमा प्रिमियम अनुदान बापतको रकम रु. ९ लाख ४९ हजार ८ सय ४२ मात्र वितरण गरिएको छ ।
- पशु उपचार सेवा अन्तर्गत यस नगरपालिका भित्र हालसम्म ५७९० वटा मेडिकल उपचार सेवा, २६३ वटा माइनर सर्जिकल सेवा, २७८ वटा गाइनोकोलोजिकल सेवा, १२८३३ वटा परजिवी

नियन्त्रण, ४६७ वटा पशु बन्ध्याकरण, १०४ वटा कुखुराको पोष्टमार्टम, ३४६ वटा गोबर परीक्षण र १९२०० वटा कुखुराको उपचार सेवा प्रदान गरिएको छ ।

- संघीय सशर्त अनुदान अन्तर्गतको कृत्रिम गर्भाधान मिसन कार्यक्रममा नगर क्षेत्र भित्रका ४८६ वटा गाई, २८४ वटा भैंसी र ८ वटा बाख्रामा कृत्रिम गर्भाधान सेवा प्रदान गरिएको छ ।
- सामुदायिक तथा छाडा कुकुर बन्ध्याकरण शिविर संचालन कार्यक्रम अन्तर्गत नगरपालिका भित्र रहेका ४११ वटा सामुदायिक तथा छाडा कुकुरहरुको स्थायी बन्ध्याकरण गरी रेबिज विरुद्धको खोप प्रदान गरिएको छ ।
- खोप कार्यक्रम अन्तर्गत नगरपालिका क्षेत्र भित्रका २६५०० वटा बाख्राहरुलाई पिरोग .आर.पि. विरुद्धको खोप सेवा प्रदान गरिएको छ भने ४०० वटा गाई गोरुमा लम्पी स्किन रोग बिरुद्धको खोप सेवा प्रदान गरिएको छ । ।
- ७५ प्रतिशत अनुदानमा घाँसको विउ वितरण कार्यक्रम अन्तर्गत १७४ जना कृषकहरुलाई उन्नत जातको टियोसेन्टी घाँसको विउ वितरण गरिएको छ ।
- वडा नं. ११ र ४ मा एकिकृत घुम्ती शिविर आयोजना गरी २८४ जना कृषकहरुलाई सेवा प्रदान गरिएको छ ।
- कृषि विकास कोष मार्फत नगरपालिका क्षेत्र भित्रका न्यून आय भएका १०६ जना कृषकहरुलाई भैंसीपालन, बाख्रापालन र बंगुरपालनमा सहयोग गर्नका लागि सम्झौता गरिएकोमा ९५ जना कृषकहरुले सम्झौता बमोजिमको कार्य सम्पन्न गरेका छन् ।
- प्रधानमन्त्री कृषि आधुनिकिरण परियोजना अन्तर्गतको बाख्रा पकेट कार्यक्रममा मेलम्ची नगरपालिका वडा नं. १ स्थित सिन्धु कृषि सुधार बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडसंग ५० प्रतिशत लागत साझेदारीमा १२ वटा बाख्राको खोर सुधार, खोर सुधार अभिमुखिकरण, पशु स्वास्थ्य शिविर र घाँसको विरुवा वितरण गर्ने कार्य सम्पन्न गरिएको छ ।
- बंगुरपालन प्रवर्द्धन कार्यक्रममा मेलम्ची न.पा. वडा नं. १० स्थित चिसापानी कृषक समुहसंग ५० प्रतिशत लागत साझेदारीमा १० लाख बराबरको बंगुर खोर निर्माण र पाठापाठी खरिद गर्ने कार्य सम्पन्न गरिएको र बाराही अजिमा कृषि तथा पशुपन्छी फर्मसंग ५० प्रतिशत लागत साझेदारीमा १० लाख बराबरको बंगुरको खोर निर्माण र पाठापाठी खरिद कार्य सम्पन्न गरिएको छ ।
- सबै कृषकहरुलाई कृषि तथा पशु प्रविधिक सेवा घरदैलोमा पुर्याउन सबै वडाकार्यालयहरुमा पशु र कृषि प्राविधिकहरु रहने व्यवस्था मिलाईएको छ। आगामी आर्थिक वर्षदेखि उक्त कार्यक्रम लागु गरिने छ।

९. ८. महिला बालबालिका तथा सामाजिक समावेशीकरण :

- वि.सं. २०७९ साल चैत्र २४ गते मेलम्ची नगरपालिका वडा नं. ७ लाई मेलम्ची नगरपालिकाको पहिलो र सिन्धुपाल्चोक जिल्लाको दोश्रो बालमैत्री वडा घोषणा गरिएको छ।

- विज्ञबाट गरिएको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण GESI AUDIT सम्पन्न गरी यस नगरपालिकाले उक्त परिक्षणमा कूल ७२ अंक सहित जिल्लाको उत्कृष्ट पालिका बन्न सफल भएको छ ।

- पारिवारिक खुशीमा सासु बुहारीको भूमिका सम्बन्धी अभिमुखीकरण तथा निश्चित मापदण्डका आधारमा वडाबाट सिफारिस भएका उत्कृष्ट १३ जोडी सासु-बुहारीलाई सम्मान गरिएको छ।

- निजामती सेवामा इच्छुक नगर भित्रका ३५ जना विद्यार्थीहरूलाई ४५ दिने लोक सेवा तयारी कक्षा सञ्चालन गरिएको छ।

- यस नगरपालिका भित्र एक वर्षको अवधिमा ८ जना व्यक्तिहरुलाई 'क' वर्गको अपाङ्गता परिचय पत्र, ३२ जनालाई 'ख' वर्गको अपाङ्गता परिचय पत्र, २४ जनालाई 'ग' वर्गको अपाङ्गता परिचय पत्र र १३ जनालाई 'घ' वर्गको अपाङ्गता परिचय पत्र गरी जम्मा ७७ जनालाई अपाङ्गता परिचयपत्र वितरण गरिएको छ।

- नगर भित्रका १९० जना महिला र २३६ जना पुरुष गरी जम्मा ४२६ जना ज्येष्ठ नागरिकलाई ज्येष्ठ नागरिक परिचय पत्र वितरण गरिएको छ।

- वडा तथा नगर बाल सञ्जाल पुनर्गठन गरी वडा बाल सञ्जालका अध्यक्ष र सचिव तथा नगरस्तरीय बाल सञ्जालका पदाधिकारीहरु गरी जम्मा ३९ जना बालबालिकालाई ३ दिने क्षमता विकास तथा उद्घघोषण तालिम संचालन गरिएको छ।

- ज्येष्ठ नागरिक सञ्जाल पुनर्गठन गर्नुका साथै उक्त सञ्जालको समन्वयमा नगरपालिकाका १३० जना ज्येष्ठ नागरिकलाई सम्मान गर्नुको ज्येष्ठ नागरिक हक हितका विषयमा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको छ।

- अपाङ्गता भएका व्यक्तिका संरक्षकहरूलाई लक्षित गरी अपाङ्गमैत्री व्यवहार सम्बन्धी १ दिने अभिमुखीकरण कार्यक्रम संचालन गरिएको छ।

- मेलम्ची नगरपालिका भित्रका सबै वडाका उच्चतम विद्यालयका विद्यार्थीहरुलाई युवा लागुपदार्थ दुर्व्यसनी तथा साइबर क्राइम सम्बन्धी अभिमुखीकरण कार्यक्रम संचालन गरिएको छ।

- वडा तथा नगर बाल सञ्जालका पदाधिकारीहरूलाई आत्मरक्षा तथा प्रजनन स्वास्थ्य सम्बन्धी ६ दिने आधारभूत तालिम प्रदान गरिएको छ।

- कला र संस्कृतिको जगेर्ना गर्नको लागि मेलम्ची नगरपालिका वडा न.११ का ज्येष्ठ नागरीकहरुलाई हार्मोनियम,खैजडी मादल लगायतका सामाग्री वितरण गरिएको छ ।

- मेलम्ची नगरपालिका १३ वटै वडाका अपाङ्गता भएका व्यक्तिहरुको तथ्याङ्क संकलन गरी अति विपन्न अपाङ्गता भएका ६ जनालाई जीविकोपार्जनका लागि अनुदान वितरण गरिएको छ ।

- सीप सिकौ रोजगार बनौ भन्ने अभिप्रायले एकल महिला सीप विकासका लागि पराल र मखमलको जुत्ता बन्ने तालिम,अपाङ्गताका लागि डल्लो साबुन बन्ने तालिम र महिलाहरुलाई सहकारी मार्फत पोते बुन्ने तालिम सम्पन्न भएको छ ।

- मेलम्ची नगरपालिका वडा न. १ र २ लाई बालमैत्री वडा बनाउने उद्देश्यका साथ बालबालिका अवस्थाको लागि तथ्याङ्क संकलन गरी स्थिती पत्र तयारीको अवस्थामा रहेको छ ।

- "जसको सवाल उसैको नेतृत्व" भन्ने अभिप्रायले आ.व.२०८००८१ को बालबालिका सम्बन्धी / योजना निर्माणका लागि नगरस्तरीय बाल भेला सम्पन्न भएको छ ।

९. ८. सामाजिक सुरक्षा तथा पञ्जीकरण :

- चालु आ.व. २०७९/०८० को श्रावण देखि २०८० जेठ महिनासम्म नगरपालिका भित्रका सबै वडाका कूल १६ हजार १ सय ६० जना लक्षित वर्गका लाभग्राहीहरुलाई रु. १५ करोड ६० लाख ९१ हजार ३ सय २२ रुपैयाँ सामाजिक सुरक्षा भत्ता वितरण गरिएको छ ।

- नेपाल सरकारको निर्णयानुसार मृगौला प्रत्यारोपण गरेका, डायलाईसिस गरिरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षघात सम्बन्धी रोग लागि हालसम्म यस नगरपालिकामा दर्ता भएका जम्मा ६३ जना बिरामीलाई त्रैमासिक रुपमा औषधि उपचार बापत जम्मा रू. २२ लाख ४५ हजार रूपैंया वितरण गरिएको छ ।

९.९. सहकारी तर्फ :

- मेलम्ची नगरपालिका क्षेत्र भित्र साना किसान सहकारी संस्था ४ वटा, कृषि सहकारी संस्था ३७ वटा, दुग्ध उत्पादक सहकारी संस्था ४६ वटा, बहुउद्देश्यीय सहकारी संस्था ६ वटा, बचत तथा ऋण सहकारी संस्था २९ वटा, महिला बचत तथा ऋण सहकारी संस्था १४ वटा, फलफूल तथा तरकारी उत्पादन सहकारी संस्था १ वटा, कफी सहकारी संस्था ३ वटा, उपभोक्ता सहकारी संस्था ६ वटा, कबुलियत वन सहकारी संस्था २ वटा गरी जम्मा १४८ वटा सहकारी संस्थाहरु दर्ता भएकोमा हाल ५९ वटा सहकारी संस्थाहरु सक्रिय रुपमा संचालनमा रहेका छन्।

- सहकारी संस्थाका कर्मचारी तथा पदाधिकारीहरुको लागि कोष व्यवस्थापन सम्बन्धी तालिम तथा प्रशिक्षण कार्यक्रम सम्पन्न गरिएको छ ।

- मेलम्ची नगरपालिका कार्यक्षेत्र भएका ४५ वटा सक्रिय सहकारी संस्थाका पदाधिकारी तथा व्यवस्थापकहरुलाई सहकारी लेखा तथा वित्त व्यवस्थापन तथा कोपोमिस प्रणाली सञ्चालन र प्रयोग सम्बन्धी चार दिने तालिम तथा प्रशिक्षण कार्य सम्पन्न भएको छ ।
- गरिवी निवारण कोषद्धारा प्रवर्द्धित सामुदायिक संस्था सञ्चालन सम्बन्धी मार्गदर्शन २०७५ बमोजिम मेलम्ची नगरपालिकाको वडा नं. ९ र १० मा रहेका १८ वटा सामुदायिक संस्थाहरुको सञ्चालनमा सहजीकरण तथा तथ्यांक अध्यावधिक गर्ने कार्य सम्पन्न गरिएको छ।
- सहकारी संस्था दर्ता सञ्चालन अनुगमन तथा निरीक्षण कार्यविधि २०७७ बमोजिम ३५ वटा सहकारी संस्थाहरुको स्थलगत अनुगमन तथा निरीक्षण गर्ने कार्य सम्पन्न भएको र बाँकी सहकारी संस्थाहरुको अनुगमन तथा निरीक्षण कार्य जारी रहेको छ ।
- ६६ औं राष्ट्रिय सहकारी दिवसको अवसरमा १३ वटै वडाका सहकारी संस्थाको पदाधिकारी तथा कर्मचारीहरुको उपस्थितिमा सहकारीमैत्री र्‍याली तथा समिक्षात्मक अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको छ ।
- समुदायमा वित्तीय सुशासन कायम गर्न सहकारी संस्थाको भूमिका र वित्तीय साक्षरता सम्बन्धी सहकारी जागरण कार्यक्रम सुरु गरिएको छ ।
- महिला सहकारी संस्थाको पदाधिकारी र कर्मचारीहरुको क्षमता अभिवृद्धि सम्बन्धी तालिम सञ्चालन गरी संस्थागत प्रवर्द्धनका लागि कार्य सुरु गरिएको छ ।

९.१०. जिन्सी तथा आन्तरिक व्यवस्थापन

- आ.व २०७८/०७९ को वार्षिक जिन्सी निरीक्षणको कार्य सम्पन्न गरिएको छ।
- प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावलीको प्रक्रियाको अवलम्बन गरी नगरपालिका तथा मातहतका कार्यालयहरुलाई स्वीकृत बजेटको परिधि भित्र रही खरिदका कार्यहरु नियमित रुपमा गरिएको छ ।
- निर्माण सम्पन्न भएका सबै वडा कार्यालयको प्रशासनिक भवनहरुको फर्निचर व्यवस्थापन लगायत कार्यालय व्यवस्थापनको कार्य सम्पन्न गरिएको छ ।
- नगरपालिकाको स्वामित्वमा रहेका सवारी साधनहरुको बीमा, नवीकरण, नियमित मर्मतको कार्य समय भित्रै सम्पन्न गरिएको छ ।
- नगरपालिकाको चल अचल सम्पत्तिको सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) मा प्रविष्टि तथा अद्यावधिक गर्ने कार्य गरिएको छ ।

९. ११. सूचना प्रविधि :

- आ.व २०७८/७९ को स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङ्कन (FRA) को लागि जिल्ला समन्वय समितिद्वारा गरिएको गुणस्तर परिक्षण पश्चात मेलम्ची नगरपालिकाले ८९.५ अंक प्राप्त गरी सिन्धुपाल्चोक जिल्लाभित्र प्रथम स्थान र बागमती प्रदेश भित्र दोस्रो स्थान हासिल गरेको छ ।

- आ.व २०७८/७९ को स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA) मा मेलम्ची नगरपालिकाले ८६ अङ्क दाबी गरेकोमा सोको सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयद्वारा गुणस्तर परिक्षणको कार्य भइरहेको छ ।

- नेपाल दुरसञ्चार प्राधिकरणसँगको सम्झौता बमोजिम यस नगरपालिकाको कार्यालय, अन्तर्गतका वडा कार्यालयहरू, स्वास्थ्य संस्थाहरु र सामुदायिक विद्यालयहरुमा फाइबर इन्टरनेट जडानको कार्य अगाडि बढाइएको छ।

- वडा सचिव, कार्यालय सहायक र विषयगत शाखाका कर्मचारीहरुलाई विभिन्न मितिमा कर संकलन प्रणाली, घटना दर्ता प्रणाली सम्बन्धि र स्वास्थ्य संस्थाका इन्चार्जहरूलाई सूचना प्रविधिसँग सम्बन्धित विविध विषयमा तालिम प्रदान गरिएको छ।

- नगरपालिका अन्तर्गतका सम्पूर्ण वडा कार्यालयहरू र स्वास्थ्य संस्थाहरुमा ई-हाजिरी जडान गरी पूर्ण रुपमा कार्यान्वयनमा ल्याइएको छ। त्यसैगरी सबै वडा कार्यालयहरुमा डिजिटल नोटिस बोर्ड र सि.सि.टि.भि जडान गरिएको छ।

- आ.व २०७९/८० देखि पूर्वाधार व्यवस्थापन प्रणाली र दर्ता चलानी सफ्टवेयरलाई पूर्ण रुपमा कार्यान्वयनमा ल्याइएको छ। साथै वडास्तरमा नै पूर्वाधार व्यवस्थापन प्रणालीको प्रयोग गरि योजना सम्झौताको कार्य अगाडि बढाइएको छ ।

- नगरपालिकाद्वारा संचालनमा ल्याइएको विभिन्न सफ्टवेयरहरुमा आवश्यकता अनुसारको परिमार्जन गरी अद्यावधिक गर्ने र समय समयमा विविध सरकारी निकायबाट माग भए बमोजिमका विवरणहरूलाई अनलाईन पोर्टलमा प्रविष्टि गर्ने गरिएको छ।

- भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको गरिब परिवार पहिचान तथा परिचयपत्र वितरण कार्यक्रम अन्तर्गत गुनासो सुनुवाई कार्यक्रमको लागि गुनासो संकलनको कार्य सम्पन्न भएको छ ।

९.१२.ऐन कानूनहरु

विधायन समितिबाट आवश्यक छलफल भई नगर कार्यपालिका तथा नगरसभाबाट चालु आ.व. २०८९/०८० को हालसम्मको अवधिमा देहाय बमोजिमका ऐन, नियम, कार्यविधि तथा मापदण्ड निर्माण गरिएको छ ।

- गर्भवती तथा सुत्केरी महिलाको यातायात तथा पोषण खर्च भुक्तानी सम्बन्धि कार्यविधि, २०७९

- मेलम्ची नगरपालिकामा निर्वाचित भएका पदाधिकारीहरुको आचारसंहिता,२०७९
- नगर खेलकुद विकास समिति गठन तथा संचालन कार्यविधि, २०७९
- छात्रवृत्ति सम्बन्धी कार्यविधि, २०७९
- शव बहान संचालन कार्यविधि, २०७९
- मेलम्ची नगरपालिकाको शिक्षा ऐन, २०७५ (तेश्रो संशोधन, २०७९)

९.१३. वातावरण तथा विपद् व्यवस्थापन :

- मेलम्ची नगरपालिका भित्र घटेका बाढीपहिरो र आगलागी जस्ता विपद्जन्य घटनाहरुबाट प्रभावित भएका २८६ घर परिवार (पुनर्निर्माण तर्फ २६८, पुनर्स्थापना तर्फ १७ र प्रवलीकरण तर्फ १ घरपरिवार) लाई लाभग्राही कायम गराई आवास पुनर्निर्माणको कार्य अघि बढाइएको छ ।

- विपद्बाट प्रभावित भई लाभग्राही कायम भएकाहरुमध्ये हालसम्म २६२ घर परिवारलाई प्रथम किस्ता, ३७ घर परिवारलाई दोश्रो किस्ता र २ घर परिवारलाई अन्तिम किस्ता रकम उपलब्ध गराइएको छ भने ६ जना घर परिवारलाई जग्गा खरिद गरी आवास पुनर्निर्माणको कार्य अगाडि बढाइएको छ ।

- यस नगरपालिका भित्र भएका आगलागी, वन्यजन्तुको आक्रमण, पहिरो, चट्याङ आदि जस्ता विपद्बाट प्रभावित भएका नगरपालिका भित्रका १९ घर परिवारलाई क्षतिको आधारमा भाँडाकुँडा, ओड्ने ओछ्याउने लगायतका दैनिक उपभोग्य सामग्रीहरु सहित जम्मा रु. १ लाख ९५ हजार ५ सय नगद सहायता उपलब्ध गराइएको छ ।

- यस नगरपालिका भित्रका आर्थिक रुपमा विपन्न एवं विभिन्न रोगबाट प्रभावित भएका जम्मा १०६ जना नागरिकहरुलाई रु. ११ लाख १६ हजार आर्थिक सहायता प्रदान गरिएको छ।

- मेलम्ची नगरपालिकाबाट हालसम्म ८० जना व्यक्तिहरुको निजी आवास संरक्षणको लागि नीतिगत व्यवस्था भए बमोजिम घर संरक्षणको कार्य गर्न रु. ३१ लाख ६० हजार रुपैयाँ विनियोजन गरिनुको साथै १३ जना व्यक्तिहरुको आवास संरक्षणको लागि योजना सरह रु. २० लाख ८० हजार बजेट विनियोजन गरी कार्य अगाडि बढाइएको छ ।

- मनसुनको समयमा तत्काल क्षति न्यूनीकरण गर्नका लागि प्रत्येक वडा कार्यालयलाई ६०० मिटरका दरले प्लास्टिक उपलब्ध गराइनुका साथै यस कार्यालयमा प्राप्त निवेदनको आधारमा समेत प्लास्टिक वितरण गरिएको छ ।
- मेलम्ची नगरपालिकाको स्थानीय आपतकालीन कार्य सञ्चालन केन्द्र (LEOC) को स्थापना गरी संचालनमा ल्याइएको छ ।

- मेलम्ची नगरपालिका अन्तर्गतका वडा नं. ६, ७, ८, ९, १०, ११, १२ र १३ मा सामुदायिक विपद् व्यवस्थापन समितिको गठन गरिनुको साथै विपद् व्यवस्थापन सम्बन्धी अभिमुखीकरण कार्यक्रम संचालन गरिएको छ ।
- यस नगरपालिकाका जनप्रतिनिधिहरुलाई विपद् जोखिम न्यूनीकरण एवं व्यवस्थापनको स्थानीयीकरण सम्बन्धी तालिम प्रदान गरिएको छ ।
- मेलम्ची नगरपालिकाको विपद् पूर्व सूचना प्रणालीको सुदृढिकरणका लागि स्वचालित मौसम मापन केन्द्रको स्थापना गरि संचालनमा ल्याइएको छ ।
- सामुदायिक विपद व्यवस्थापन समितिका प्रतिनिधि एवं जनप्रतिनिधिहरुलाई वातावरण तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धि कार्यक्रम संचालन गरिएको छ ।
- विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापनको लागि छिमेकि पालिकासंग समन्वय गरी संचार संयन्त्र तथा आपतकालीन सम्पर्क नम्बरको निर्माण गरिएको छ ।
- विपद् पूर्व सूचना प्रणाली सम्बन्धमा पहिरो तथा बाढीको उच्च जोखिममा रहेका वडा नं. २, ४, ६, ८, ११, १२ र १३ भित्रका स्रोतसाधन, प्रकोप, सङ्कटासन्नाटा तथा क्षमता विश्लेषण सम्बन्धी तथ्यांक संकलन गरि नक्सांकन गर्ने प्रक्रियामा रहेको छ ।
- विपद् पूर्व सूचना प्रणाली तथा पूर्वानुमानमा आधारित प्रभाव सम्बन्धमा मेलम्ची र ईन्द्रावती जलाधार क्षेत्रमा क्रियाशील संचारकर्मीहरुको लागि एक दिने अभिमुखीकरण कार्यक्रम संचालन गरिएको छ ।
- मेलम्ची नगरपालिकाको वन ऐन, २०७८ बमोजिम पालिका भित्र रहेका वन समितिहरुको सूचीकरणको काम अघि बढेको छ । साथै सवडिभिजन वन कार्यालयसंगको सहकार्यमा विभिन्न - समयमा अन्तरक्रिया कार्यक्रमहरु समेत संचालन गरिएको छ ।
- मेलम्ची नगरपालिका भित्रका ४९ वटा क्षेत्रहरुको भौगर्भिक अध्ययन गरी प्रतिवेदन निर्माणको कार्य भइरहेको छ ।
- मेलम्ची नगरपालिका भित्रका विभिन्न विपद्जन्य घटनाबाट प्रभावित भएका एवम् जिर्णोद्वार रहेका ५९ वटा सिंचाई योजनाहरुको २५/७५ श्रम साझेदारी अनुसार मर्मत संभारको कार्य अघि बढाइएको छ ।
- ईन्द्रावती तथा मेलम्ची नदीबाट हुने कटान एवम् क्षति न्यूनिकरणका लागि नदी गहिन्याउने तथा बस्ती संरक्षणका लागि आवश्यक कार्यहरु अगाडि बढाइएको छ ।
- मेलम्ची नगरपालिका भित्रका सबै वडामा फोहोरमैला व्यवस्थापनको लागि ७८ सेट फोहोरमैला डस्टविन वितरण गरिएको छ ।

- नगरपालिका भित्रको घरायसी जैविक फोहोरमैला व्यवस्थापनको लागि अनुदानमा ३० कम्पोष्ट विन वितरण गरिएको छ ।

९.१४. न्यायिक कार्य

- न्यायिक कार्य सम्पादनलाई थप प्रभावकारी बनाउनका लागि वडागत रुपमा वडा सम्पर्क व्यक्ति र वडा मेलमिलापकर्ता संयोजकहरुको छनोट गरी कानूनी साक्षरता सम्बन्धी तालिम प्रदान गरिएको छ ।
- आ व २०७९/८० मा मेलम्ची नगरपालिकाको न्यायिक समितिमा दर्ता भएका २९ वटा विवादहरु मध्ये २३ वटा विवादहरु फछौंट गर्ने कार्य गरिएको छ।
- वडा मेलमिलाप केन्द्रहरूमा जम्मा ३० वटा विवाद दर्ता भई समाधान भएका छन्।
- चालु आ. व. २०७९/८० मा जम्मा ५३ जना मेलमिलापकर्ताहरु न्यायिक समितिमा सुचिकृत गर्ने कार्य गरिएको छ ।
- न्यायिक समितिका पदाधिकारीहरु र वडा सम्पर्क व्यक्तिहरुलाई न्यायिक कार्य सम्पादन प्रक्रिया सम्बन्धी क्षमता अभिवृद्धि तालिम प्रदान गरिएको छ ।
- न्यायिक समिति तथा वडा मेलमिलाप केन्द्रको कामकाजलाई व्यवस्थित र प्रभावकारी बनाउनको लागि न्यायिक समितिका पदाधिकारीहरु, वडा सम्पर्क व्यक्ति वडा मेलमिलाप संयोजकहरु र वडा मेलमिलाप कर्ताहरुलाई तीन दिवसीय पुनर्ताजकी तालिम प्रदान गरिएको छ।
- वडाबाट सिफारिस भई आएका मेलमिलाप सम्बन्धी तालिम प्राप्त गर्न इच्छुक व्यक्तिहरुलई मेलमिलाप सम्बन्धी ८ दिवसीय आधारभूत तालिम प्रदान गरिएको छ ।
- न्यायिक समितिको राष्ट्रिय सम्मेलनमा सहभागी भई ११ बुँदे घोषणा पत्र तयार गर्न आवश्यक भूमिका निर्वाह गरिएको छ ।
- आ.व २०७९/०८० मा मेलम्ची नगरपालिका न्यायिक समितिमा सुचिकृत सबै मेलमिलापकर्ताहरूसँग न्यायिक पहुँच सम्बन्धि अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको छ।

९.१५. प्रधानमन्त्री रोजगार कार्यक्रम :

- चालु आ.व. २०७९/०८० मा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत यस नगरपालिका भित्रका १ हजार १० जना सूचिकृत रोजगारहरुमध्ये ३८ जना पुरुष र ६५ जना महिला गरी जम्मा १ सय ३ जना बेरोजगार व्यक्तिहरुले रोजगारी प्राप्त गरेका छन् ।
- चालु आ.व. २०७९/०८० मा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत १२ वटा योजनाहरु छनौट गरिएकोमा सबै योजना सम्पन्न भएका छन्।

- प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत आ.व २०७९/०८० मा ४५० मिटर मोटर बाटो सोलिङ, ९०० मिटर गोरेटो बाटोमा पक्की सिंढी निर्माण, २०० मिटर सिंचाई कुलो निर्माण, २ वटा चौतारी निर्माण, १ वटा पार्क निर्माण र २५० मिटर मेशिनरी वाल निर्माणको कार्य सम्पन्न गरिएको छ ।
- मेलम्ची नगरपालिका क्षेत्र भित्रका ११ जना बेरोजगार व्यक्तिहरुलाई नगर भित्रकै निजी क्षेत्रसंग सहकार्य गरी रोजगारी प्रदान गरिएको छ ।
- आ.व. २०८०/०८१ को लागि १ हजार ४ जना बेरोजगार व्यक्तिहरुलाई रोजगार व्यवस्थापन सूचना प्रणालीमा प्रविष्टि गर्ने कार्य सम्पन्न गरिएको छ ।

९.१६. उद्यम विकास कार्यक्रम :

- मेलम्ची नगरपालिकाको वडा नं २ र ४ मा आठ दिने उद्यमशीलता विकास तालिम र १ दिने सहभागितामूलक ग्रामीण लेखाजोखा कार्यक्रम सम्पन्न गरिएको छ ।
- सीप विकास तालिम अन्तर्गत मेलम्ची नगरपालिका वडा नं २ का सोह्र जना उद्यमीहरुलाई होमस्टे संचालन तालिम र दश जना उद्यमीहरूलाई बाँसको सामग्री बनाउने तालिम प्रदान गरी सामग्री तथा प्रविधि हस्तान्तरण गरिएको छ ।
- बजारीकरण तथा स्तरोन्नतीको लागि मेलम्ची नगरपालिका वडा नं. २ र वडा नं १२ का होमस्टे संचालन गरिरहेका २० जना उद्यमीहरूलाई नवलपरासी र लमजुङको होमस्टे व्यवसाय अवलोकन भ्रमण गराई स्थलगत अध्ययन गराउने कार्य सम्पन्न गरिएको छ ।
- प्लाष्टिकको झोला न्यूनिकरणको लागी मेलम्ची नगरपालिका वडा नं. ४ का १७ जना उद्यमीहरूलाई कपडाको झोला बनाउने तालिम सम्पन्न गरिएको छ ।
- व्यवसाय स्तरोन्नती कार्यक्रम अन्तर्गत मेलम्ची नगरपालिका वडा नं. १२ स्थित ढाका व्यवसाय सञ्चालन गरिरहेका एघार जना लघु उद्यमीहरूको स्तरोन्नतिको लागि ढाकाको खादा, सारी तथा ढाकाकै मिटर कपडा बुनाई तालिम सम्पन्न गरिएको छ ।
- मेलम्ची न.पा वडा नं.४ का ३५ जना किसानहरूलाई बाख्रापालन सम्बन्धि तालिम प्रदान गरी जस्ता, जाली, ड्रम, पाइप लगायत सामग्री वितरण गरिएको छ।
- समुहमा प्रविधि हस्तान्तरण कार्यक्रम अन्तर्गत मेलम्ची न.पा वडा नं.४ मा ३ थान दाना बनाउने मेशिन वितरण गरिएको छ। छ।त्यसैगरी वडा नं.२ का होमस्टे संचालकहरूलाई सामुहिक रुपमा साउन्ड सिस्टम, सांस्कृतिक पोशाक, मादल, खैंजेडी, डम्फु लगायतका वाद्यवादनका सामग्रीहरू वितरण गरिएको छ।वडा नं.२ र ४ का १७ जना उद्यमीहरूलाई झोला सिलाउने कपडा वितरण गरिएको छ।

१०. सूचना अधिकारी, प्रवक्ता र कार्यालय प्रमुखको नाम पद

कार्यालय प्रमुखः प्रमुख प्रशासकीय अधिकृत श्री अमृत कुमार धिताल

सूचना अधिकारी/कार्यालय प्रवक्ता : प्रशासकीय अधिकृत श्री झपेन्द्रराज खरेल

नगर प्रवक्ता : उमा प्रधान

११. ऐन नियम कार्यविधि र निर्देशिकाको सूची

विधायन समितिबाट आवश्यक छलफल भई नगर कार्यपालिका तथा नगरसभाबाट चालु आ.व. २०८९/०८० को हालसम्मको अवधिमा देहाय बमोजिमका ऐन, नियम, कार्यविधि तथा मापदण्ड निर्माण गरिएको छ ।

- गर्भवती तथा सुत्केरी महिलाको यातायात तथा पोषण खर्च भुक्तानी सम्बन्धि कार्यविधि, २०७९
- मेलम्ची नगरपालिकामा निर्वाचित भएका पदाधिकारीहरुको आचारसंहिता,२०७९
- नगर खेलकुद विकास समिति गठन तथा संचालन कार्यविधि, २०७९
- छात्रवृत्ति सम्बन्धी कार्यविधि, २०७९
- शव बहान संचालन कार्यविधि, २०७९
- मेलम्ची नगरपालिकाको शिक्षा ऐन, २०७५ (तेश्रो संशोधन, २०७९)

१२. आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण

(क) आम्दानी तर्फ :

- आ.व. २०७९/०८० को जेठ मसान्तसम्म संघीय तथा प्रदेश सरकारबाट प्राप्त हुने वित्तिय समानीकरण अनुदान, राजस्व बाँडफाँड, सशर्त अनुदान, समपुरक अनुदान, प्राकृतिक श्रोतबाट प्राप्त हुने रोयल्टी, सडक बोर्ड कार्यक्रम र आन्तरिक आम्दानी गरी कूल जम्मा रु. १ अर्व २७ करोड २३ लाख ८१ हजार ३ सय ६२ रुपैयाँ ४२ पैसा प्राप्त भएको छ ।

(ख) खर्च तर्फ :

- आ.व. २०७९/०८० को असार ४ गतेसम्म चालु खर्च तर्फ रु. ६० करोड ८६ लाख १३ हजार १ सय २८ रुपैयाँ ७९ पैसा (६६.४४ प्रतिशत) र पूँजीगत खर्च तर्फ रु. ३८ करोड २१ लाख १ हजार ९ सय १८ रुपैयाँ (४८.६५ प्रतिशत) गरी कूल जम्मा ९९ करोड ७ लाख १५ हजार ४६ रुपैयाँ ७९ पैसा खर्च भएको छ ।

१३. तोके बमोजिम अन्य कार्यहरु

१४. अघिल्लो आ.व.मा संचालित कार्यक्रमहरु

१५. कार्यालयको वेभसाइट तथा ईमेल :

यस कार्यालयको वेभसाईट www.melamchimun.gov.np रहेको छ । ईमेल ठेगाना : dms.melamchimun@gmail.com रहेको छ ।

१६. सूचना परियोजनामा प्राप्त भएको बैदेशिक सहायता, ऋण, अनुदान एवम् सम्झौता सम्बन्धी विवरण

कार्यालयमा सूचना सम्बन्धी परियोजनाको लागि हालसम्म बैदेशकि सहायता, ऋण, अनुदान प्राप्त भएको छैन ।

१७. कार्यालयले संचालन गरेको कार्यक्रम र सो को प्रतिवेदन

१८. कार्यालयले वर्गीकरण तथा संरक्षण गरेका सूचनाको विवरण

सूचना अधिकारीको काम, कर्तव्य र अधिकार सम्बन्धी मापदण्ड, २०७७ को बुँदा नं ८ ले तोकेका सुचनाहरु संरक्षण गरिएको छ भने त्यस बाहेकका सबै सूचनाहरु खुल्ला गरेको छ ।

१९. सूचना माग सम्बन्धी निवेदनको विवरण

आ.व. २०७९।०८० मा माग भएको सूचनाको विवरण देहाय बमोजिम छ :

क्र.सं.	निवेदक	मिति	विषय	फच्छौंटको अवस्था
१	दिपक आचार्य	२०७९।०७।१५	सूचना अधिकारी	फच्छ्यौंट भएको
२	साङ्गे लामा	२०७९।०९।१३	सहकारी विवरण	फच्छ्यौंट भएको
३	विशाल आचार्य	२०७९।०५।११	मेलम्ची हस्पिटल	फच्छ्यौंट भएको
४	मंगल बहादुर शाही	२०७९।१२।०३	क्रसर	फच्छ्यौंट भएको
५	ईन्द्र प्रसाद बन्जारा	२०७९।१२।२४	लिखित जवाफ	फच्छ्यौंट भएको
६	दिया चन्द	२०८०।०१।१७	मिडिया खर्च	फच्छ्यौंट भएको

७	राजाराम दास	२०८०।०१।२५	मन्दिर गुम्बा	फच्छ्यौंट भएको
८	टिका सुवेदी	२०८०।०२।१८	खानेपानि मुहान	फच्छ्यौंट भएको
९	जय जनता ई. प्रालि	२०८०।०२।१८	निर्णय माग	फच्छ्यौंट भएको

२०. कार्यालयका सूचनाहरु अन्य प्रकाशन भएको वा हुने भए सोको विवरण

कार्यालयका सूचना तथा प्रगति विवरणहरु सम्बन्धित निकायमा नियमित पठाउने गरिएको छ । वार्षिक रुपमा वार्षिक प्रगति प्रतिवदेन पुस्तक प्रकाशन गरी सार्वजनिक गर्ने गरिएको छ । पहिलो जननिर्वाचित पदाधिककारीहरुको र संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको पहिलो कार्यकालको पाँचवर्षे उपलब्धिहरु संगालेर पुस्तक प्रकाशन गरिएको छ ।